# प्रभाव दैनिक
National Daily

वर्ष ८ | अंक ३३६ | काठमाडौं | सोमबार, २१ चैत २०७८ | Prabhab National Daily, | Monday, April 4, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सन्दर्भ : वैदेशिक रोजगार

‘मौसमी श्रमिक’ लैजाने कोरियाको तयारी

## स्थानीय तहको समन्वयमा लगिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियाले नेपालबाट मौसमी कामदार (श्रमिक) लैजाने प्रक्रिया अगाडि बढाएको छ । दुई देशका स्थानीय तहहरूको समन्वयमा मौसमी कामदार लैजाने तयारी गरिएको छ । रोजगारीका लागि आकर्षक गन्तव्य कोरियामा यसअघि इपिएस भाषा परीक्षा उत्तीर्ण गरेका श्रमिक मात्रै लगिँदै आएको थियो । तर, कामदार अभाव बढेपछि कोरियाले मौसमी कामदार लैजाने भएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेका अनुसार कोरियाले नेपालबाट चार हजार मौसमी श्रमिक लैजाने भएको छ । त्यहाँको कानुन तथा न्याय मन्त्रालयले तग जनावरीमै यसको लागि स्वीकृति दिइसकेको छ । मौसमी श्रमिक सीधै स्थानीय तहबाट लैजाने कोरियाको तयारी छ ।

कोरियाको न्याय मन्त्रालयले मौसमी श्रमिक लैजानेबारे नेपालसहित चार देशका प्रतिनिधिसँग छलफल गरी कानुन नै परिवर्तन गरेको जानकारी नेपालको श्रम मन्त्रालयलाई गराइसकेको छ । मौसमी श्रमिक पहिलो चरणमा कृषि र माछापालन तथा दोस्रो चरणमा निर्माण क्षेत्रमा लगिने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता घिमिरेले बताए ।

नेपाल कल्चर सेन्टर कोरियाको पहलमा नेपाललाई मौसमी श्रमिक लैजानेबारे कोरियाका ३० भन्दा बढी स्थानीय निकायबाट अनुरोध आएको जानकारी दिइएको छ । कल्चर सेन्टरका प्रतिनिधिले नेपालबाट मौसमी श्रमिक लैजानेबारे श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठलगायत सम्बन्धित अधिकारीसँग समेत यसअघि नै छलफल गरिसकेको जनाइएको छ । कोरियामा मौसमी कामदार पठाउने विषयमा श्रम मन्त्रालयले समेत प्रक्रिया अगाडि बढाएको छ । दुवै देशका स्थानीय तहबीच समझदारी भएपछि मात्र श्रमिक लैजाने/पठाउने निश्चित हुने बताइएको छ । कोरियाले मौसमी श्रमिक लैजान कहिलेबाट सुरु हुन्छ भन्ने अझै निश्चित भइसकेको छैन ।

मौसमी श्रमिकको रूपमा कोरिया जाने व्यक्तिले न्यूनतम साढे दुई लाखभन्दा माथि पारिश्रमिक पाउने बताइएको छ । उनीहरूको करार अवधि छ र नौ महिनाको हुनेछ । मौसमी श्रमिकले करारअवधिको रोजगार बिमा, स्वास्थ्यलगायत सुविधा इपिएसमार्फत जाने श्रमिकले जस्तै पाउने गरी कोरियाको सम्बन्धित निकायसँग छलफल भएको श्रम मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार कोरिया जाने मौसमी श्रमिकले आधारभूत कोरियाली भाषाको ज्ञान भने हासिल गरेको हुनुपर्छ । मौसमी रूपमा कोरियामा रोजगारी गर्न जाने श्रमिकको खर्च रोजगारदाताले नै बेहोर्नुपर्ने प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ । कोरियाले सन् २०२२ मा नेपालसहित थाइल्यान्ड, कम्बोडिया, भियतनामबाट मौसमी श्रमिक लैजाने बताइएको छ ।

माधव नेपालसहित १४ सांसदविरूद्धको मुद्दा

# यसकारण अघि बढेन अन्तिम सुनुवाइ

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल ३३ वर्ष एउटै पार्टीमा रहे । यसबीचमा कैयौं अप्ठ्याराहरू व्यहोर्दै नेकपा एमाले निर्माण गरे । र, एमालेलाई देशकै ठूलो पार्टीको हैसियतसम्म ल्याइपुऱ्याए ।

तर, पछिल्ला छ वर्ष भने उनीहरूबीचको सम्बन्ध तिक्ततापूर्ण रह्यो । अहिले दुवै जना छुट्टिएर अलग-अलग पार्टीको नेतृत्व गरिरहेका छन् । फरक पार्टीमा मात्र छैनन्, हरेक दिनजसो एक अर्काप्रति तुच्छ टिप्पणी र गाली गरिरहेका छन् ।

आइतबार एमालेनिकट बुद्धिजीवी परिषद्को १०औं अधिवेशनमा सम्बोधन गर्दै ओलीले नेपाललाई ‘माकुने’ भन्दै सम्बोधन गरे । नेपाल नेतृत्वको पार्टीलाई पनि ‘ माकुने गुट’ भने । आफ्नो सरकार ढाल्न र दक्षिणपन्थी सरकार गठन गर्नका लागि भूमिका खेलेको भन्दै ओलीले आफ्नो भाषणको धेरै समय नेपाललाई गाली गर्न खर्चिए ।

आइतबार नै सुदूरपश्चिम पुगेका नेपालले पनि ओलीको बिजोग राष्ट्रिय सभा निर्वाचनमै देखिएको बताए । त्यही भएर ओली अहिले बरबराउन थालेको उनको टिप्पणी थियो । त्यतिमात्र होइन ग्रहण लागिसकेको सूर्यको काम नभएको भन्दै उनले अब कलम नै चाहिने बताए । सूर्य एमालेको चुनाव चिह्न हो भने कलम एकीकृत समाजवादीको चुनाव चिह्न ।

दुवै नेता अलग-अलग बाटो हुँदा ओली दोस्रो कार्यकालका लागि एमालेको नेतृत्व गरिरहेका छन् भने नेपाल एमाले छाडेर नेकपा एकीकृत समाजवादी गठन गरेर त्यसको नेतृत्व गरिरहेका छन् । तर, परिस्थिति यस्तो बिन्दुमा आइपुगेको छ कि नेपालको पार्टी नै रहने/नहरने द्विविधा छ । कारण, ३३ वर्ष सुखदुःख साटेका ओलीले सर्वोच्च अदालतमा दायर गरेको रिट । ओलीले नेपालसहित १४ सांसदलाई एमालेले कारबाही गरेको तर सभामुखको गलत भूमिकाका कारण नयाँ पार्टी गठन भएको भन्दै आफ्नो कारबाही सदर गर्न र नेपालको पार्टी खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

- **अदालतले निर्णय छिटो गरिदिए त्यसले आफूलाई राजनीतिक फाइदा हुने ओलीपक्षको बुझाइ छ । सकभर आफ्नो पक्षमा फैसला आओस् भन्ने ओलीको मनसाय छ ।**
- **अदालतबाट आफूअनुकूल निर्णय नआएन आफूहरूको सांसद पद नरहने मात्र होइन, पार्टीविहीन हुने अवस्था आउने भएकाले नेपालपक्ष सुनुवाइ सार्न चाहन्छ । स्थानीय निर्वाचनपछि सुनुवाइ गर्दा आफूहरूलाई राहत हुने नेपालपक्षको बुझाइ छ ।**

उता ओली र नेपाल एकअर्काविरुद्ध ‘ वीष वमण’ गरिरहेका बेला यता सर्वोच्चमा उक्त मुद्दा पेसी चढेको थियो ।

एमालेले नेपालसहित प्रतिनिधि सभाका १४ सांसद (नेपालसँगै झलनाथ खनाल, जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणीकुमारी खड्का, लक्ष्मी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरलाकुमारी यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन)लाई गत २५ साउनको केन्द्रीय कमिटी बैठकको निर्णयबमोजिम निष्कासन गरिएको भन्दै सभामुख अग्निप्रसाद सापकोटालाई १ भदौमा कारबाहीको सूचना टाँस्न पत्र पठाएको थियो । उक्त पत्र निर्वाचन आयोगलाई समेत जानकारी गराएर नेपालसहितका केन्द्रीय सदस्यलाई एमाले केन्द्रीय कमिटीको अभिलेखबाट हटाउन जानकारी दिएको थियो । तर, सभामुखले निष्कासनको सूचना टाँस गरेनन् । त्यही बीचमा २ भदौमा नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादी दर्ता भयो ।

सभामुखले ९ भदौमा दल दर्ता भइसकेकाले १४ सांसदबारे केही गर्नु नपर्ने निर्णय सुनाए । आयोगले पनि पार्टी दर्ता भइसकेकाले ओलीको निवेदनमा थप कारबाही गरिरहन नपर्ने भन्यो । त्यसपछि एमाले सभामुख र निर्वाचन आयोगलाई विपक्षी बनाउँदै १७ भदौमा सर्वोच्च अदालत पुगेको थियो ।


**यसकारण भएन** (बाँकी पृष्ठ ५ मा)


# ‘नेपाल-भारत सम्बन्ध नयाँ उचाइमा’

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतको तीनदिने औपचारिक भ्रमण सकेर प्रधानमन्त्री शेरबहादुर देउवा स्वदेश फर्किएका छन् । भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणमा शुक्रबार भारत भ्रमणमा गएका देउवा आइतबार साँझ स्वदेश फर्किएका हुन् ।

भारत पुगेपछि प्रधानमन्त्री देउवालाई भारतीय रक्षा तथा पर्यटन राज्यमन्त्री अजय भट्टले नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । त्यसपछि प्रधानमन्त्री देउवाले शुक्रबार नै भारतीय विदेशमन्त्री एस जयशंकर र भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) अध्यक्ष जेपी नड्डासँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।

प्रधानमन्त्री देउवासँग जयशंकरले नयाँ दिल्लीस्थित होटल आइटिसी मौर्यमा भेटवार्ता गरे । त्यसपछि नयाँ दिल्लीको दीनदयाल मार्गस्थित भाजपा मुख्यालय पुगेर देउवाले भाजपा अध्यक्ष नड्डासँग पनि भेटवार्ता गरेका थिए । देउवा शुक्रबार राति दिल्लीस्थित नेपाली दूतावासले गरेको रात्रिभोजमा सहभागी भएका थिए ।

देउवाले शनिबार महत्त्वपूर्ण भेटघाटमा बिताएका थिए । उनी दुई देशका प्रधानमन्त्रीले नेतृत्वको गरेको प्रतिनिधिमण्डलस्तरीय वार्तामासमेत सहभागी भएका थिए । भारतमा रहँदा देउवाले शनिबार नै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गरे । त्यसक्रममा केही आयोजनाको उद्घाटन गरिएको थियो । साथै, विभिन्न चारवटा सम्झौता गरिएका थिए । दुई देशका प्रधानमन्त्रीले सोलु करिडोर १३२ केभी डबल सर्किट प्रसारणलाइन र जयनगर-जनकपुर-कुर्था रेल सेवाको पनि उद्घाटन गरे । देउवा आइतबार बनारससमेत पुगेका थिए ।

भारत भ्रमणबाट फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री नारायण खड्काले नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनका लागि प्रधानमन्त्री देउवाको भ्रमण अत्यन्त सकारात्मक भएको बताए । उनले भ्रमणले त्यसमा महत्त्वपूर्ण योगदान गरेको कुरा प्रतिनिधिमण्डलका सदस्यलाई पनि अनुभूति भएको बताए । ‘यो बीचमा कोभिडका कारणबाट यस्ता उच्चस्तरीय भ्रमण भइरहेको थिएन । नेपाल-भारतको सम्बन्ध बहुआयामिक छ । घनिष्ठ छ । मैत्रीपूर्ण छ । त्यसैले नेपाल-भारतबीच भएका आपसी हितका बारेमा बडो खुलेर छलफल भयो । त्यो नै ठूलो उपलब्धि हो,’ परराष्ट्रमन्त्री खड्काले भने । भ्रमणले नेपाल-भारतको सम्बन्धलाई अझ प्रगाढ र नयाँ उचाइमा पुऱ्याउनेमा प्रधानमन्त्री देउवासमेत विश्वस्त रहेको उनले बताए ।

परराष्ट्रमन्त्री खड्काले नेपाल-भारतबीचको सीमासम्बन्धी विवादका विषय कूटनीतिक संयन्त्रको वार्तामार्फत् समाधान गर्ने विषयमा छलफल भएको बताए । उनले कालापानी, लिपुलेकलगायत क्षेत्रको विवाद अब परराष्ट्रमन्त्रीस्तरीय र अन्य संयन्त्रमा छलफल हुने जानकारी दिए । भारत भ्रमणको विषयमा देउवाले आलोचना खेपेको विषयको भने मन्त्री खड्काले बचाऊ गरे । देउवाले भाजपा मुख्यालय पुग्नु कूटनीतिक मर्यादाविपरीत भएको भन्दै आलोचना भएपछि परराष्ट्रमन्त्री खड्काले त्यसको बचाऊ गरेका हुन् । भाजपा कार्यालयमा देउवाले गरेको भ्रमण प्रधानमन्त्रीको रूपमा नभई कांग्रेस सभापतिको रूपमा भएको उनले बताए ।

यसैबीच, प्रधानमन्त्री शेरबहादुर देउवाको तीन दिने भारत भ्रमणपछि ‘ज्वाइन्ट स्टेटमेन्ट’ (संयुक्त विज्ञप्ति) सार्वजनिक नहुने भएको छ । परराष्ट्रमन्त्री खड्काले दुवै पक्षले आ-आफ्नो प्रेस रिलिज गर्ने र समन्वयका साथ भन्ने समझदारी भएको हुनाले त्यस अनुसार नै संयुक्त विज्ञप्ति जारी नभएको प्रतिक्रिया दिए । यसअघि केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएको बेलामा भएको भारत भ्रमणका क्रममा पनि संयुक्त विज्ञप्ति सार्वजनिक भएको थिएन ।



**प्रधानमन्त्रीको भारत भ्रमण**

- शुक्रबार भारतीय विदेशमन्त्री र भाजपा अध्यक्षसँग भेटवार्ता
- शनिबार भारतीय समकक्षी नरेन्द्र मोदीसँग भेटवार्ता
- सोलु करिडोर १३२ केभी डबल सर्किट प्रसारणलाइनको उद्घाटन
- सजयनगर–जनकपुर–कुर्था रेल सेवा उद्घाटन
- दुवै देशका प्रतिनिधिमण्डलस्तरीय वार्तामा सहभागी
- आइतबार बिहान बनारसको भ्रमण




# न्यायलाई छरितो र मितव्ययी बनाउन कानुनमा परिमार्जन गर्न सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** न्याय सम्पादन प्रक्रियालाई छिटोछरितो, मितव्ययी र सर्वसुलभ बनाउन विभिन्न नयाँ कानुन बनाउन तथा भएका कानुनको आवश्यक परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न सुझाव दिइएको छ । न्याय प्रशासनसँग सम्बन्धित प्रचलित कानुनमा गर्नुपर्ने आवश्यक सुधारको मस्यौदा पेस गर्न गठित अध्ययन समितिले सर्वोच्च अदालतको कार्यबोझ घटाउन अदालतको क्षेत्राधिकारमा सुधार गर्न सकिने क्षेत्रहरू पहिचान गरेको छ ।

यसैगरी समितिले सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठन भएको समितिको प्रतिवेदनले दिएका सुझाव कार्यान्वयनका लागि सुधार गर्नुपर्ने कानुनहरूको पहिचानसमेत गरेको छ । कानुनमा गरिनुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गरी सोको सुझावसहितको मस्यौदा पेस गर्न गत २३ फागुनमा कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूको निर्णयबाट मन्त्रालयको सहसचिव सुशील कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको थियो । समितिले आइतबार मन्त्री बडूलाई उक्त प्रतिवेदन बुझाएको हो ।

सो अवसरमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री बडूले न्याय सम्पादनको कार्यलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी बनाउँदा संविधानले सुनिश्चित गरेको न्यायसम्बन्धी हकको कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

न्याय प्रशासन र न्याय सम्पादनलाई चुस्त, दुरुस्त, पारदर्शी, समय तालिकासहित अनुमानयोग्य र प्रभावकारी बनाउनका लागि विभिन्न क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकता विभिन्न अध्ययन प्रतिवेदन तथा सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनले औँल्याएका छन् । प्रतिवेदनमा विशिष्टीकृत अदालत र न्यायाधिकरणहरूको अधिकार क्षेत्रको पुनःविचार गरी सर्वोच्च अदालतमा मुद्दाको चाप कम गर्ने सम्बन्धमा आवश्यक सुझाव र उल्लिखित विषयलाई सम्बोधन गर्न सुधार गर्नुपर्ने कानुनहरू संशोधन मस्यौदा पेस गर्नुपर्नेसमेत उल्लेख छ ।

हाल प्रचलनमा रहेका कूल ३४४ वटा ऐनहरूमध्ये अदालतको क्षेत्राधिकार सम्बन्धमा करिब ४८ वटा ऐनमा व्यवस्था गरिएको पाइन्छ । प्रतिवेदनमा उल्लिखित ऐनहरूमध्ये उद्देश्यअनुरूप उपयुक्तताका आधारमा न्याय प्रशासनसँग सम्बन्धित ऐन र अन्य प्रचलित ऐन गरी २३ वटा ऐनहरूमा अदालतको क्षेत्राधिकारसम्बन्धी विषयमा संशोधनको प्रस्ताव गरिएको छ ।

मन्त्री बडूले उल्लेखित ऐनमा संशोधनपछिको सर्वोच्च अदालतको कार्यबोझ घट्नेछ जसले गर्दा सर्वोच्च अदालतमा लामो समयदेखि विचाराधीन पुराना मुद्दाहरूको छिटो टुंगो लाग्ने बताए । अतिरिक्त समय काम गरेर तथा प्रशासनिक प्रकृतिको काममा संलग्न हुनु नपरेपछि मुद्दा फर्स्योटमा पूरा समय केन्द्रित हुनेछ । जसले गर्दा हाल विचाराधीन मुद्दाहरू छिटो फर्स्योट हुने प्रतिवेदनमा उल्लेख छ । यस्तै अधिकांश मुद्दाहरू उच्च अदालतको तहबाटै अन्तिम हुने छन् । जसले गर्दा मुद्दाको अन्तिम टुंगो लाग्न अत्यधिक समय नलाग्ने, राजस्व न्यायाधीकरण तथा विशिष्टीकृत अदालतबाट अपवादबाहेकको अवस्थामा मुद्दाको अन्तिम टुंगो लाग्ने अवस्था भएपछि सर्वोच्च अदालतको कार्यबोझ उल्लेख्य रूपमा कम हुने अपेक्षा गरिएको छ ।

प्रतिवेदनका सुझाव कार्यान्वयन गरी वैकल्पिक उपचारको व्यवस्था भएका रिट निवेदन अदालतमा दर्ता हुने प्रवृत्ति निरुत्साहित हुने र अदालतको समय बचत हुने, दोहोर्‍याइ पाउँको निस्सा प्रदान गर्ने कार्य उच्च अदालतको तहबाटै किनारा लाग्ने तथा मुद्दा छिटो अन्तिम टुंगो लाग्ने हुँदा छिटोछरितो न्याय प्रदान गर्ने राज्यको उद्देश्य पूरा हुने र न्यायिक प्रक्रिया पूर्वानुमानयोग्य बन्ने मन्त्री बडूको भनाइ छ ।

## एमालेले घोषणा गर्‍यो 'सामाजिक सेवा केन्द्र'

**काठमाडौं (प्रस)–** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी सञ्चालनार्थ सामाजिक सेवा केन्द्रको घोषणा गरेका छन् ।

कोही पनि नागरिक खान नपाएर भोकै बस्नु नपरोस् र उपचार गर्न नपाएर मर्न नपरोस् भन्ने मानवीय भावनाका साथ आइतबार सुरू गरिएको केन्द्रले सामाजिक क्षेत्रमा सहयोग गर्नेछ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TROPICAL SPA SALON

पूर्व स्वीकृति मिति : २०७८/१२/२० LT. No. 260973 चलानी नं.६०१७७१२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 170 | ६७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WAMY RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०७८/१२/२० LT. No. 260974 चलानी नं.६०१७७१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 125 | ४९,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RIMINI SWEETS AND PASTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०७८/१२/२० LT. No. 260896 चलानी नं.६०१७७१२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Girl | 0 | 15 | 140 | ५५,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
OMEGA International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWAHART ALKHULD TRADING EST.

पूर्व स्वीकृति मिति : २०७८/१२/२० LT. No. 260789 चलानी नं.६०१७७१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालयमा चैत्र २८ गते (11th Apr 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MASS HUMAN RESOURCE PVT. LTD.** Govt. License 938/067/068
MHR
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080,4983088,4955765


सुन्दरहरैचा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विराटचौक, मोरङ

## बोलपत्र/दरभाउपत्र स्वीकृति आशयको सुचना

प्रकाशित मिति: २०७८।१२।२१

यस कार्यालयको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनूसार देहायका बोलपत्रदाताहरूले पेस गरेको बोलपत्र/दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभुतरूपमा प्रभावग्राही रहेको हुँदा सो बोलपत्र सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिने भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सात दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| ठेक्का न. | कामको बिवरण | न्यूनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही बोलपत्रदाता | न्युनतम मुल्याङ्कित कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| SHM/MOR/NCB/G-19/2078/079 | Supply and Delivery of Tube well Set | RK Traders, Sundarharaincha, Morang | रु 1923147.00 (रु उन्नाइस लाख तेइस हजार एक सय सड्चालिस रूपैया मात्र) |
| SHM/MOR/NCB/G-20/2078/079 | Supply and Delivery of Normal (Sada) CGI Sheet | RK Traders, Sundarharaincha, Morang | रु 1892739.70 (रु अठार लाख बयानव्वे हजार सात सय उनन्चालिस रूपैया सत्तरी पैसा मात्र) |
| SHM/MOR/NCB/W/24/2078/079 | Blacktop Road Construction Works of Chitre tole - karjuna-Pacham road work sundarharaicha-11 | Sumit Nirman Sewa | रु 12081091.20 (भ्याट समेत) (रु एक करोड बिस लाख एकासी हजार एकानब्बे रूपैया पैसा बिस मात्र) |
| SHM/MOR/NCB/W/25/2078/079 | Blacktop Road Construction Works of Neupane Chowk Highway to Baghjhoda Sundarharaicha-10 | Sumit Nirman Sewa | रु 7187959.50 (भ्याट समेत) (रु एकहत्तर लाख सतासी हजार नौ सय उनान्साठी रूपैया पैसा पचास मात्र) |
| SHM/MOR/NCB/W/26/2078/079 | Blacktop Road Construction Works of Shanti Marga ( Dhakal chowk paschim) and Namuna marga Sundarharaicha-08 | Sumit Nirman Sewa | रु 4758979.44 (भ्याट समेत) (रु सतचालिस लाख अन्ठाउन्न हजार नौ सय उनासी रूपैया पैसा चौवालिस मात्र) |
| SHM/MOR/NCB/G-29/2078/079 | Supply and Delivery of CCTV Camera | Etech International Pvt. Ltd., Kathmandu | रु. 3475206.07 (चौतिस लाख पचहत्तर हजार दुई सय ५ रूपैया सात पैसा मात्र) |
| SHM/MOR/NCB/G-30/2078/079 | Supply and Delivery of River Bed Materials | Baliya Construction, Itahari, Sunsari | रु. 3010320.00 (तिस लाख दश हजार तिन सय बिस रूपैया मात्र) |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELIXIR FOR SERVING FOOD

पूर्व स्वीकृति मिति : २०७८/१२/२० LT. No. 260875 चलानी नं. : ६०१७७१७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1300 | ४२,१९० | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते (11th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060
Boes
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Jalsat Al-Reef Restaurant for Meals

पूर्व स्वीकृति मिति २०७८/१२/२० LT. No. 260591 चलानी नं. ६०१७७१३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1500 | ४८,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Coffee and Tea Maker and More | 1 | 0 | 1200 | ३८,७०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : sunshinemanpower2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF CONTRACTING CO. WLL

पूर्व स्वीकृति मिति २०७८/१२/१५ LT. No. 255051 चलानी नं.६०१७१५८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 20 | 0 | 1500 | ५०,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 168 | 0 | 1000 | ३३,४४० | | | | | | | |
| 3 | Mason | 15 | 0 | 1100 | ३६,७८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत २८ गते (11th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np


मधेश प्रदेश सरकार

**उद्योग, पर्यटन तथा वन मन्त्रालय**

**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

घरेलु तथा साना उद्योग कार्यालय

कलैया, बारा

## बोलपत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशितमिति: २०७८/१२/२१

यस घरेलु तथा साना उद्योग कार्यालयको तालिम भवन निर्माण कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरू:**

| ठेक्का नं. | कार्यको विवरण | स्विकृत लागत रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र खरिद दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| ०१र०७८/७९ | तलिम भवन निर्माण | ३४,१८,७३१।९६ | ८६,०००।०० | ३,०००।- |

१. चालु आ.व. सम्मनवीकरण समेत रहेको कम्पनी/फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७/०७८को करचुक्ताको प्रतिलिपि पस गरी बोलपत्रफारम यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२.बोलपत्र दर्ता सूचना प्रकाशन भएको मितिले ३१ औ दिनको १२.०० बजेभित्र गर्नु पर्ने छ । सोही दिन दिनको २.०० बजे बोलपत्र खोलिनेछ ।
३. धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, कलैया, बाराको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, कलैयामा रहेको धरौटी खाता नं. १२६०१००२०२०३०००० र यस कार्यालयको कोड नं. ३०७०३२१०१२ मा नगद जम्मा गरेको सक्कल दोश्रो प्रति बैंक भौचर वा सो रकम बराबरको १२० दिनको मान्य अवधि रहने गरी यस कार्यालयको नाममा जारी भएको नेपाल सरकारबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकको बैंक जमानतपत्र (बैंक ग्यारेन्टी) पेस गर्नु पर्ने छ ।
४. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिमहुनेछ ।
५. विस्तृत जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०५३-५५०१४५ मा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ। साथै विस्तृत सूचना यस कार्यालयको सुचना पाटी वावेबसाइट https:/bara.csiop2.gov.np/मापनि हेर्न सकिनेछ ।

**नि. कार्यालय प्रमुख**

# 'विश्व अटिजम सचेतना दिवस' र्‍याली

■ प्रभाव संवाददाता

**इटहरी–** 'कार्यस्थलमा समावेशीकरण, महामारीपछिको संसारमा चुनौती र अवसरहरू' नारा सहित विश्व अटिजम सचेतना दिवस मनाईएको छ।

सोही अवसर पारेर भिन्न प्रतिभा बालबालिका हेरचाह समूहले देशभर विभिन्न सचेतना कार्यक्रम गरि दिवस मनाईएको छ। इटहरीमा रहेको भिन्न प्रतिभा बालबालिका हेरचाह समूहले अटिजमबाट पिडित बालबालिका तथा उनीहरूका अभिवावक, थेरापिस्ट डाक्टर लगायत स्कूलका शिक्षक कर्मचारीले र्‍याली गरि विश्व अटिजम सचेतना दिवस मनाए।

इटहरीको बसपार्क हुँदै नागरिक चोकसम्म पुगेर पुन: आफ्नै स्कूल भवन भिन्न प्रतिभा बालबालिका हेरचाह समुहमै गएर र्‍याली टुंगीएको थियो। सो स्कुलले यहि अवसरमा आफ्नो प्रथम बार्षिकोत्सब समेत सम्पन्न गरेको छ। उक्त कार्यक्रमको अध्यक्षता इटहरी-९ अध्यक्ष भुपेन्द्र बरालले गरेका थिए।

कार्यक्रममा इटहरी उप महानगरपालिका सामाजिक शाखा प्रमुख कुमारी राईको पनि उपस्थिति थियो।

कार्यक्रममा उपस्थित अथितिले स्कूलको बार्षिक उत्सबको बधाई तथा शुभकामना ब्यक्त गर्दै अटिजम भएका पिडित बालबालिकाहरू सबैलाइ सरकारले समेट्नु पर्ने कुरामा जोड दिएका थिए।

कार्यक्रमलाई हेरचाह समुहका उपाध्यक्ष प्रकाश गौतमले संचालन गरेका थिए।

संसारमा अटिजमको लक्षण भएका बालबच्चाको संख्या दिन प्रतिदिन बढिरहेको देखिन्छ। यस्ता लक्षण भएका बालबच्चा आफ्नै सुरमा रमाउने, मानव अन्तक्रियामा पटकै चासो नदेखाउने र आफ्नै ध्याउन्नमा रहने गर्दछन्। उनीहरूले गरिरहेको गतिविधिमा कसैले बाधा अड्चन पुऱ्याएमा कहिले आक्रमक रूपमा प्रस्तुत हुने र कहिलेकाहि भने जवर जस्ती प्रतिकार गर्ने गर्छन्।

## जनज्योति माध्यमिक विद्यालय लालबन्दी-०९, सर्लाहीको

### शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/१२/२१)

यस विद्यालयको चालू आ.व. को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत यस विद्यालयलाई आवश्यक रहेका तपशिलमा उल्लेखित आई.सि.टि. सामग्रीहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्यको लागि बोलपत्र पुस्तिकामा संलग्न specification मा उल्लेख भए अनुसार योग्यता पुगेका कम्पनी, आपूर्तिकर्ता र फर्मले संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि सहित ईच्छुक फर्म वा कम्पनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

१. शिलबन्दी बोलपत्र फारम प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र फिर्ता नहुने गरी तोकिएको दस्तुर रु.३,०००।- (तिन हजार मात्र) यस विद्यालयको रा.वा.बैंक लालबन्दी शाखामा जम्मा गरेको सक्कल नगदी रसिद निवेदन साथ संलग्न राखी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट खरिद गर्न सक्नेछ।
२. खरिद गरेको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजे भित्र शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ। दर्ता भएको शिलबन्दी बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. शिलबन्दी बोलपत्र साथ जमानत बापत देहायमा उल्लेख बमोजिमको रकम यस विद्यालयको रा.वा.बैंक, लालबन्दी शाखामा रहेको **च.हि.नं. १२८०१०००००९१०००१** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा घटीमा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड अनिवार्य रुपले पेश गर्नु पर्नेछ। नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैंक ग्यारेण्टीमा परिवर्तन गर्न पाइने छैन।
४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा उक्तः कार्यहरु क्रमशः त्यसको लगतै कार्यालय खुलेको दिन र समयमा गरिनेछ।
५. प्रस्तावित कार्यको लागी बोलपत्र पुस्तिकामा संलग्न specification मा उल्लेख भए अनुसार आवश्यक पर्ने कागजातहरुको प्रमाणित प्रतिलिपीहरु बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ।
६. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहनेछ।
७. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।
८. अन्य थप केही कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०४६-५०१०७९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**तपशिल**

| क्र.सं. | बोलपत्र नं | सामग्रीको नाम | विवरण | थान | लागत इस्टीमेट (मु.अ कर सहित) रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/02/2078/079 | Branded Laptop | Intel Core I3, 11th Generation | 10 | 3106962.12 | 3,000 | 93,200 |
| | | Projector with Installation | Projector | 15 | | | |
| | | Interactive Board with Installation | Infrared Interactive Board | 24 | | | |

प्रधानाध्यापक

## खाँदबारी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

खाँदवारी, संखुवासभा

१ नं. प्रदेश, नेपाल

### बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/१२/२१**

यस कार्यालयबाट मिति २०७८/११/१० गते मध्यान्ह राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन सहित) नियम ३१(ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याकंन प्रायोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आयोजनाको नाम एवं ठेक्का नं. | प्राविधिक प्रस्तावबाट सारभूत प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | Construction of Covered Hall Building Works, Khandbari-1, Contract ID-KMO/NCB/WORKS/13/078/079 | 1. Kunsaling/Arun Barun JV,Sankhuwasabha<br>2. Pratistha Construction Companay Pvt.Ltd, Kathmandu<br>3. Worldwide/Ramsagar/Bibash JV, Kathmandu<br>4. S.A.S/Bhagawati JV, Biratnagar | खाँदबारी नगरपालिका कार्यालय संखुवासभा<br>**मितिः** २०७८/१२/२८<br>**समयः** विहान ११:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

## प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

### पूर्वाधार विकास कार्यालय

कर्णाली प्रदेश, सल्यान

### आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना

( प्रकासित मिति २०७८।१२।२१ )

उपरोक्त सम्बन्धमा यस कार्यालयद्धारा मिति २०७८।१०।१९ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निंम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव प्रस्ताव मिति **२०७८/१२/२८ गते दिनको १२:०० बजे** यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ३१ को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ।

| ठेक्का न | कामको विवरण | प्राबिधिक प्रस्ताव मूल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| IDO/SLN/NCB/W/51/2078/079 | Construction of Dhorchaur Chapdada Gairikateri aapkholi Sallibazar Road | Applied Engineering Pvt ltd |
| | | Green Peace Builders Pvt.Ltd |
| | | K.S.K- Shishir and Basanta JV |
| | | Nanjila and Aakansha - Mazdoor JV |
| | | Narayanam - Bhagawati JV |
| | | P.S Nirman Sewa |
| | | Sarba Shakti Mahamaya Nirman Sewa Pvt. Ltd |
| | | Shyam and Shankar - Jwala Panchakoshi JV |
| | | Tirupate- KRK JV |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WADHAA HABIB AL ANZI CARPENTRY WORKSHOP

पुर्व स्वीकृति मिति २०७८/१२/२० | LT No :260569 | चलानी नं.६०१७७०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 1 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत २८ गते (11th Apr. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AHSA GRAND HOTEL

पुर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 206779 | चलानी नं.६०१७७१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1200 | ३८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत २८ गते (11th Apr. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Nepal Recruitment Consultancy Pvt. Ltd.

श्रम ईजाजत नं. १००४/०६८/०६९

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIM SHENG PLASTIC PACKAGING SDN BHD

पुर्व स्वीकृति मिति २०७६/११/१३ | पून : विज्ञापन स्वीकृति मिति २०७८/१२/२० | LT. No. 233952 | चलानी नं. ६०१५२३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MYR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1200 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MARINA SOFA SDN BHD

पुर्व स्वीकृति मिति २०७६ /१०/२७ | LT. No. 232910 | चलानी नं. ६०१५१४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MYR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Worker | 12 | 0 | 1200 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

S.And S.Human Resource Pvt. Ltd.

श्रम ईजाजत नं. १२३८/०७४/०७५

Chapagaun Dobato-15, Lalitpur, Nepal Tel : +977-1-5151287,
Fax : +977-1-15151287, E-mail : sands1238@gmail.com

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : K4 GENERAL TRADING & CONTRACTING CO.

पुर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. :260879 | चलानी नं.६०१७७१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper (Indoor) | 20 | 0 | 85 | ३३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanical Technical | 1 | 0 | 150 | ५९,९८५ | | | | | | | |

कम्पनी : FAHEM LAUNDRY FOR CAR WASH

पुर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. :260736 | चलानी नं.६०१७७१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BRANCH OF PALM SPRINGS CO. LTD

पुर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. :260839 | चलानी नं.६०१७७१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

All Asia Overseas Pvt.Ltd

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor, Kathmandu-31, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# संशयको गर्भमा पञ्चेश्वर

भारतको तीनदिने औपचारिक भ्रमण सकेर प्रधानमन्त्री शेरबहादुर देउवा आइतबार साँझ स्वदेश फर्किए । देउवाको यसपटकको भारत भ्रमणको महत्त्वपूर्ण उपलब्धिका रूपमा कुर्था–जनकपुर–जयनगर रेल सञ्चालन र पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई अघि बढाउन दुई देश सहमत भएको विषयलाई लिइएको छ ।

तर, यी विषय नौला विषय भने होइनन् । किनकि, रेलको विषय पनि यसअघि नै भइसकेको थियो भने पञ्चेश्वर त झन् देउवा प्रधानमन्त्री भएकै बेला आजभन्दा २६ वर्षअघि उठेको विषय हो । २९ माघ २०५२ मा महाकाली सन्धिमा हस्ताक्षर गर्दा तत्कालीन प्रधानमन्त्री देउवा र भारतीय समकक्षी पीभी नरसिंह रावले छ महिनाभित्र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुंगो लगाउने सहमति गरेका थिए । तर, उक्त सहमतिको २६ वर्षसम्म कुनै प्रगति हुन सकेन । बरू, देउवाको यसपटकको भारत भ्रमणका क्रममा फेरि अर्को 'सहमति' गरिएको छ ।

चर्चा धेरै भएको तर, प्रगति शून्य भएको आयोजना हो, पञ्चेश्वर । यो आयोजनाबाट कूल छ हजार ४८० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । यस्तै रूपालीगाडमा बन्ने रिरेगुलेटिङ बाँधबाट थप २४० मेगावाट विद्युत् उत्पादन गरिनेछ । अध्ययनअनुसार पूर्णागिरिमा अर्को बाँध बनाइ थप एक हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

पछिल्लोपटक १६ पुस २०७७ मा यो आयोजनालाई अघि बढाउन नेपाल र भारतबीच द्विपक्षीय सहमति भएको थियो । प्रभावित क्षेत्रलाई छुटट्याएको पानीमध्ये चार प्रतिशत जलविद्युत् आयोजनामा मिसिनेगरी इनर्जी क्याल्कुलेसन तथा डिजाइन तयार पार्न भारत सहमत भएको थियो । तर, त्यसपछि यसमा फेरि काम हुन सकेन । नेपाल र भारतबीच पानी बाँडफाँडको विषयमा कुरा नमिल्दा समस्या भइरहेको छ ।

यहीबीच शनिबार प्रधानमन्त्री देउवा र उनका भारतीय समकक्षी नरेन्द्र मोदीबीच पञ्चेश्वरलाई अघि बढाउने सहमति भएको छ । पटक–पटक सहमति हुने तर कार्यान्वयन नहुने आयोजनाका रूपमा चिनिएको पञ्चेश्वर आयोजना अब भने अघि बढ्ने आश गर्न सकिन्छ । तर, सँगै इतिहासले झस्काइरहन्छ । जबसम्म आयोजना निर्माण सम्पन्न हुने छैन, तबसम्म संशय रहने नै छ । किनभने, २०७४ भदौ पहिलो साता प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा पनि पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डिपिआर एक महिनाभित्र अन्तिम रूप दिन दुवै देश सहमत भएका थिए । तर, अहिलेसम्म डिपिआर बनेको छैन ।

त्यसकारण फेरि पनि कैयौँ आशंकाहरू बाँकी छन् । पञ्चेश्वर संशयको गर्भमै छ । आफैंले हस्ताक्षर गरेको र पटक–पटक सहमति गरेको विषयमा देउवा अब संवेदनशील बन्नैपर्छ । यसपटकको सहमति देउवाको भारत भ्रमणको 'लाज छोप्ने अस्त्र' मात्र नबनोस्, सन्धिअनुसार अघि बढ्ने सूत्र पनि बनोस् ।

# जलवायुअनुकूलन र जैविक खेतीका लागि प्रोत्साहन गर्दै 'नलेज पार्क'

नारायण ढुंगाना

काभ्रेपलाञ्चोकका गाउँगाउँमा सञ्चालित ज्ञानोद्यान किसानको प्राविधिक सहयोगीको आधार बन्न सफल भएको छ । कृषि समूहका निश्चित क्षेत्रमा नमूनाका रूपमा सञ्चालित सो उद्यानकै कारण किसानलाई कृषि प्राविधिक खोज्ने झन्झट करिबकरिब हटेको छ । यसले किसानलाई रोग/किरा कसरी व्यवस्थापन गर्ने, के औषधि राख्ने, प्रांगरिक बाली उत्पादन कसरी गर्ने र जलवायु परिवर्तन अनुकूलन खेती प्रणाली कसरी अपनाउने भनेर ज्ञान दिएको छ जसले बाली उत्पादन बढाएको र जैविक प्रविधिको प्रयोगले वातावरण संरक्षणमा सहयोग पुर्‍याएको छ ।

नमोबुद्ध नगरपालिका-६, चरंगेका भरतप्रसाद न्यौपानेका अनुसार नलेज पार्कमा १०/१२ थरिका प्रविधि प्रयोगमार्फत कृषिसम्बन्धी ज्ञान लिइन्छ । अर्गानिक खेतीमा जान पार्क सहयोगी भएको छ । यो आफूहरूका लागि भरपर्दो एक सिकाइ केन्द्र बनेको उनको भनाइ छ । भकुन्डे कृषि उपज संकलन केन्द्र र त्यसअन्तर्गत राधाकृष्ण कृषक समूह (दुवै संस्था)का अध्यक्ष न्यौपाने समूहमा मात्रै झण्डै २०० रोपनीमा तरकारी खेती हुँदै आएको सुनाउँछन् । त्यो तरकारी जैविकसरहकै उत्पादन हुने गर्छ ।

विगतमा काभ्रेपलाञ्चोकका तरकारीमा बढी विषादी भयो भनेर आरोप लागेको थियो । यस सिकाइले भने त्यसलाई हटाउन र बढ्दो विषादी रोक्न किसान सफल भएका छन् । किसानलाई जलवायु परिवर्तनअनुसार कसरी खेतीबाली लगाउने भन्ने सिकाइ पनि प्राप्त भएको छ । उद्यानमा मोहनी पासो, सोली पासो, च्यापच्यापे पासो र बत्ती पासो थापेर किराबाट तरकारी जोगाउन सकिन्छ । ट्रे र जालीमा बेर्ना उत्पादन, मलखाद, झोल मल र अमृत जल यही उद्यानमा उत्पादन हुन्छ । कसरी उत्पादन हुन्छ भन्ने कुरा किसान आफैंले अभ्यास गरेर थाहा पाउँछन् ।

बिरुवा स्वस्थ बनाउनका लागि अमृत जलको प्रयोग हुन्छ । तीस लिटर गाईको पिसाब, झण्डै दुई पाउ सखर, एक पाउ कोसेबालीको पिठो र ६० लिटर पानी मिसाएर घोलेपछि अमृत जल तयार हुन्छ । यसले बिरुवालाई स्वस्थ बनाएर प्रतिरोधात्मक क्षमता बढाउने न्यौपाने जानकारी दिन्छन् । किरा व्यवस्थापन गर्न लाइट पासो, सोली पासो र मोहनी पासो प्रयोग गरिन्छ ।

त्यस्तै 'नलेज पार्क' नमोबुद्ध-२ कुँइकेल थुम्कामा इन्द्रबहादुर कुइँकेलको बारीमा पनि छ । उनले दुई रोपनी क्षेत्रमा उद्यान बनाएका छन् । बढ्दो विषादीका कारण मानिसको स्वास्थ्य बिग्रिरहेका बेला स्वस्थ शरीरका लागि दैनिक खाने तरकारी स्वस्थकर हुनैपर्छ । त्यसैले आफैंले उत्पादन गरेर आफैंले खानुपर्ने र बढी भएकामा अरूलाई पनि स्वस्थकर तरकारी खुवाउनुपर्छ भनेर अर्गानिक तरकारीमा जोड दिन थालेको कुँइकेल बताउँछन् । ज्ञानोद्यानमार्फत अरूलाई पनि सिकाउँदै गएको उनले जानकारी दिए । उनका अनुसार यस्तो प्रविधिको विकास देशैभरि हुनुपर्छ । यस्तो तरकारीलाई सिन्धुका ब्राण्ड नै बनाउनुपर्नेमा उनको जोड छ ।

यहाँका किसानमा पछिल्ला समय जलवायु परिवर्तन अनुकूलन कृषि प्रणालीमा आकर्षण बढ्न थालेको छ । अहिले सुख्खा पखेरालाई हरियाली बनाउने तथा पाखोबारीमा परेको पानी जम्मा गरेर तरकारीखेती गरी हराभरा बनाएर मनग्य आम्दानीसमेत लिन थालिएको अर्का कृषक जमुना अधिकारी बताउँछिन् । उनका अनुसार कुन बेला के तरकारी लगाउने, कस्तो बेला कुन रोग र किरा लाग्छ, त्यसको उपचार के हुनेलगायत सन्देश मोबाइलमै पठाइने हुँदा किसानलाई थप सजिलो भएको छ ।

नगरपालिकाका प्रमुख टेकप्रसाद शर्मा तिमिल्सिना नगरलाई नै जैविक कृषि प्रणाली र वातावरणमैत्री प्रविधिका विकासमा जोड दिन थालिएको र त्यसमा यस्ता 'नलेज पार्क'ले ठूलो सहयोग गरेको सुनाउँछन् । उनले दक्षिण कोरियाको नगरपालिकासँग समन्वय गरेर कृषि अनुसन्धान केन्द्र विकास गर्न लागिएको पनि जानकारी दिए । यसरी किसानलाई सिकाउनका लागि सिप्रेड भन्ने संस्थाले प्राविधिक सहयोग गरेको वरिष्ठ कृषि प्राविधिक रामदेव साहले बताए ।

यसले किसानलाई नै सहभागी गराएर अभ्यास गराउने नयाँ तरिका अपनाउँदै आएको छ । अरूले भनेको कुराभन्दा आफैंले गरेर अनुभव लिँदा चाँडै विश्वास गर्ने भएकाले व्यावहारिक रूपमा तरकारी फलाएरै अध्ययन अनुसन्धान र अभ्यास गरिने साहको भनाइ छ । उनका अनुसार अभ्यासमा एकीकृत कीट व्यवस्था (आइपिएम) उपकरण प्रयोग हुन्छ । विषादी नभई घरेलु जैविक विषादी र मलको अधिकतम उपयोग हुन्छ ।

नमोबुद्धका ३६ ठाउँ छनोट गरेर गरिएको अभ्यास सफल भएको छ । गाउँगाउँमा माटो, सिमेन्ट र बालुवा मिसाएर पानी पोखरी बनाइएको छ जुन पानी तरकारीमा सिँचाइका लागि प्रयोग हुन्छ । यसले पानी नभएको सुख्खा डाँडा हरियाली बनाएको छ । थोरै पानीले पनि धेरै उत्पादन गर्न सकिने कुरा किसानले आफैं अभ्यास गरेपछि थाहा पाएका छन् । यसको अरूलेसमेत सिको गर्न थालेका छन् ।

'नलेज पार्क' मा वातावरणमैत्री प्रविधिको प्रयोग गरिने र त्यसबाट जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण र अनुकूलन गर्न सहयोग गर्ने हुँदा बाली उत्पादन बढाई खाद्य सुरक्षामा सुधार गर्न सहयोग पुग्ने यहाँका किसानलाई प्राविधिक सहयोग गर्दै आएको वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवं विकास केन्द्र (सिप्रेड)का कार्यकारी निर्देशक केशवदत्त जोशी बताउँछन् । उनका अनुसार जलवायु अनुकूलन प्रविधि भनेको समयसापेक्ष र व्यावहारिक क्रियाकलापबाट सिद्ध भएका प्रविधि हुन् । यी प्रविधि वतावरणमैत्री, सामाजिक रूपमा दिगो, कृषककै अनुभव र क्षमतामा विकसित, परिमार्जित र प्रमाणित भएका हुन्छन् ।

यी प्रविधि सामान्य र आर्थिक हिसाबले पनि सहज उपलब्ध हुन्छन् । त्यस्ता प्रमाणित प्रविधि प्राकृतिक स्रोतसाधनमा आधारित, प्राकृतिक वस्तुको उपयोग र पुनः प्रयोगमा आधारित हुन्छन् । यी सबै वातावरणमैत्री प्रविधि ज्ञानोद्यानमा प्रदर्शन गरिएका हुन्छन् जहाँबाट अन्य कृषक तथा समुदायले यस्ता प्रविधि प्रयोग गर्ने तरिका सिकेर व्यापक रूपमा आफ्नो कृषि क्षेत्रमा प्रवर्द्धन गरी वातावरण अनुकूलन बनाउन सहयोग पुग्छ ।

गाउँमा यतिबेला काउली, बन्दा, केराउ, लसुन, प्याज, धनियाँलगायत २२ भन्दा बढी प्रकारका तरकारी लहलह भएको छ । पहिले त्यही पाखामा गहुँ, कोदो, मकै लगाएर न्यून आम्दानी गरिन्थ्यो, अरूबेला सुक्खा हुने पाखा बाह्रै महिना हराभरा हुन थालेको छ । बजारको राम्रो व्यवस्थापन हुन सके युवा बिदेसिनु पर्दैन । जब जैविक मलको प्रयोग गरी प्रांगरिक उत्पादनतर्फ किसान लागे, तब गाउँभरि नै मौरी भुनभुनाउन थालेको छ । कृषकका बारीमा नै मौरीको गोलो नै आएर बसेको भेटियो । मौरी आउनु भनेको वातावरण स्वस्थकर भएको सूचक हो ।

### यस्तो छ प्रविधि

ज्ञानोद्यानमा एउटै किसानले २२ थरीसम्म तरकारी लगाएर सिकाउँदै आएका छन् । किरा व्यवस्थापनका लागि विभिन्न प्रविधि प्रयोग गरिएको छ जसले गर्दा विषादी प्रयोगसमेत न्यूनीकरण हुनाका साथै जैविक विषादीमा जोड दिन थालिएको छ । आफैंले अभ्यास गरेर किसानले सीप सिक्न सक्ने उक्त उद्यान किसानको प्राविधिक सहयोगी नै बनेको छ । सोली पासो तल बन्द भाँडो राखिएको हुन्छ । त्यसभित्र पोथीको बास्ना आउने गरी 'स्पोडो ल्यूर' रसायन राखिएको हुन्छ । काउलीको पात खाने शत्रुजीव भाले पुतली नियन्त्रण तथा व्यवस्थापनका लागि यसको प्रयोग हुन्छ । त्यसको बास्नाले 'मोहनी पासो' मा आएर बस्छ, अनि सोलीभित्र पसेर तल झर्छ, त्यसपछि बाहिर निस्किन पाउँदैन जसले गर्दा तरकारी जोगिन मद्दत गर्छ ।

**च्यापच्यापे पासो–** यो निलो रङमा आकर्षित हुने किराको नियन्त्रण तथा व्यवस्थापनका लागि प्रयोग गरिन्छ । त्यहाँ किरा आएर बस्छ र टाँसिन्छ, जसले तरकारी नष्ट गर्न पाउँदैन ।

**बत्ती पासो–** राति उड्ने किरा बत्तीमा आकर्षित हुने भएकाले यसको नियन्त्रण र व्यवस्थापनका लागि यो प्रयोग हुन्छ । राति १० बजेसम्म शत्रुजीव किराको चलखेल हुन्छ, तिनीहरू उज्यालो खोज्न आउँछन् । एउटा बाटामा पानी हुन्छ, छेउमा बत्ती बालिएको हुन्छ, त्यहाँ आएर किरा पस्छ । राति १० बजेपछि मित्रजीव आउने हुँदा त्यसबेला भने निभाइन्छ जसले तरकारी खान आएको किरा त्यही पानीमा परेर नष्ट हुन्छ र बाली जोगिन्छ ।

**ब्याकुल्यूर पासो–** यो लहरेबालीमा लाग्ने औँसा किरा नियन्त्रण गर्नाका साथै मालाथियन नामक घातक विषादीको प्रयोग घटाउन सहयोग गर्छ ।

यस्ता दर्जनौँ प्रविधिको प्रयोग गरी एकातिर जलवायु अनुकूलन खेतीबाली लगाइएको छ भने अर्कातिर जैविक विषादीको भरपुर प्रयोग गरी रासानिक विषादी न्यूनीकरण गरिएको छ जसले तरकारी उत्पादन बढेको र स्वस्थकर भएको स्वयं किसानको अनुभव छ ।

यी सबै जलवायु अनुकूलन कृषि समाधान कार्यक्रम (आरएनएस)को एउटा नमूना ज्ञान केन्द्र हो ।

### पहिले र अहिले

पहिला त्यही ठाउँमा काउली रोपिन्थ्यो, भरपुर विषादी हालिएको हुन्थ्यो । काउलीचाहिँ बजार लाने तर विषादी हालेको भएकाले 'पात भने भैँसीलाई खान दिनुहुन्न' है भनेर परिवारका सदस्यलाई अर्थ्याइन्थ्यो । अहिले दैनिकी फेरिएर तरकारी टिप्नु १०/१५ दिन अघिदेखि नै सकेसम्म घरेलु विषादी प्रयोग हुन्छ, नभए बाह्य विषादी करिबकरिब हाल्न छाडिएको छ । समूहले निगरानी गर्ने भएकाले किसानहरू कडा विषादीको प्रयोगमा निरुत्साहित छन् । 'अब त तरकारी टिप्नेबित्तिकै ढुक्कसँग खान सकिन्छ, त्यसैले अहिले बजारमा पनि यहाँ उत्पादित तरकारीको खोजी हुन्छ,' भकुन्डे कृषि उपज संकलन केन्द्रका अध्यक्ष भरतप्रसाद न्यौपाने आफ्नो अनुभव सुनाउँछन् । उनका अनुसार सो कृषि संकलन केन्द्रमा दैनिक सातदेखि ८०० किलोसम्म तरकारी जम्मा हुन्छ । कहिलेकाहीँ दुई हजार किलो संकलन गरेर पनि बजार पठाउने गरिएको छ । उनको आफ्नो निजी १५ रोपनीमा तरकारी खेती छ । 'बाह्रै महिना तरकारी फलाउँछु, एउटा असारमा धान रोप्छौं, नत्र तरकारी/तरकारी हो,' उनले भने । उनले कम्तीमा वार्षिक छ लाख रूपैयाँ कमाइ गर्दै आएका छन् ।

सिकाइ केन्द्रले विषादीको न्यूनीकरण गर्न सिकाएको छ । त्यसैकारण उत्पादन वृद्धि भएको तथा बजारमा पनि माग बढिरहेको स्वयं किसान सुनाउँछन् । मुख्यतः यहाँ सिँचाइ समस्या छ । किसानहरूले परेको पानी जम्मा गर्ने तथा बढी भएको खानेपानी र हातगोडा, भाँडा माझेको पानी जम्मा गरेर तरकारी फलाउँदै आएका छन् ।

> **विगतमा काभ्रेपलाञ्चोकका तरकारीमा बढी विषादी भयो भनेर आरोप लागेको थियो । यस सिकाइले भने त्यसलाई हटाउन र बढ्दो विषादी रोक्न किसान सफल भएका छन् । किसानलाई जलवायु परिवर्तनअनुसार कसरी खेतीबाली लगाउने भन्ने सिकाइ पनि प्राप्त भएको छ ।**

उनीहरू खोलाघारीतिरै पाइने बकाइनु, टिम्मुर, क्यात्तुके, धुर्सुल, तितेपातीबाट तझोल मल बनाएर प्रयोग गर्छन् । झोल मल १, २ र ३ नामका बनाइन्छ । झोल मल ३ ले भने किरालाई खान नसक्ने भई चुप लागेर बस्ने अवस्थामा पुर्‍याउँछ, जसले बालीलाई हानि गर्न सक्दैन । झोल मल १ र २ भने मलकै रूपमा प्रयोग हुन्छ ।

सिप्रेडका वरिष्ठ कृषि प्राविधिक साह काभ्रेका नमोबुद्ध, धुलिखेल, बनेपा र पाँचखाल तथा डडेलधुरा, रसुवा र सुर्खेतका किसानलाई नलेज पार्कमार्फत जलवायु परिवर्तन अनुकूलन अभ्यास गराइएको बताउँछन् । नमोबुद्धमा मात्रै ८०० किसान सहभागी छन् । जहाँ पानी छैन, कृषि उत्पादन असहज छ, त्यहाँ त्यस्तो कार्यक्रम गरेर डाँडापाखा हरियाली पारिएको छ । नगरपालिकाका सहयोगमासमेत त्यस्ता सिकाइ केन्द्र विस्तार गर्न थालिएको छ । *रासस*

मननयोग्य

## विदुर नीति

बिक्रि गर्न अयोग्य वस्तुको विवरणन्यूनाधिक रूपमा मात्र शास्त्रहरूमा चर्चा गरिएको छ । माथि उल्लेखित वस्तुहरू कुनै गृहस्थीको घरमा आएर आफैंले प्रयोग गर्ने उदेश्यले मागेमा पैसा नलिई गृहस्थीले दिनुपर्छ भन्ने यस श्लोकको मनसाय हो । वर्तमान समयमा मिसावट गरेर विक्री गर्ने प्रचलन बढी मात्रामा हुनेगरेको हुनाले दुध, तेल,ध्यू , आदि उपभोग्य पदार्थ विनारकम सीमित मात्रमा उपभोक्तालाई दिने गर्दा सम्भावित मिसावटी दुष्कार्यहरू परोक्षरूपले हतोत्साहित हुँदै जानेछन् भन्ने तर्क यस श्लोकले अघि सारेको छ ।

क्रोध वा रिस नगर्ने, ढुङ्गो र सुनलाई एकै नास सम्झने, शोक र पीरले मुक्त भएको, सन्धि र झगडा (स्नेह र वैरभाव) नगर्ने, निन्दा र प्रशांसा दुवैमा समभाव राख्ने, मन परेको-नपरेको जे जस्तोसुकै वस्तु होस्, त्यागिदिने यस किसिमको उदासीन समान भएको सन्नासी अत्यन्त महान् र पुण्यात्मा हुन्छ ।

जनमा पैदाहुने पदार्थ तृणधान्य (सामा धान) को धानको चामल, हानि-नोक्सानीमा परेर टाढा गई बसेको भए पनि 'म त्यो (बुद्धिमान) मान्छेदेखि टाढा रहन्छु । उसले मलाई के बिगार गर्ला त' भन्ने कुरा मनमा नलेओस् । किनभने सताइएको बुद्धिमान मानिसको हात लामो हुन्छ् अर्थात ज्यादै शक्तिशाली हुन्छ जसको आफ्नो बाहुबलको बदला लिएर नै छाड्नेछ ।

विस्वास गर्न नहुने मानिसलाई कहिल्यै विस्वास नगरोस् । परन्तु विस्वास गर्न लायक मित्र नै भए पनि उसलाई अत्याधिक मात्रामा विश्वास नगरोस् । किनभने यस किसिमको अत्याधिक विश्वासले भय पनि पैदा गराउँछ । विश्वस्त व्यक्तिबाट उत्पन्न भएको भय शत्रुको भन्दा भन्दा पनि भयंकर हुन जान्छ । यस्तो भयले व्यक्तिको जरैदेखि नष्ट पार्दछ । **क्रमशः**

पत्र–मञ्जुषा

## व्यवसायीको 'दादागिरी', लाचार सरकार

पेट्रोलियम पदार्थ (इन्धन)को मूल्य निरन्तर बढिरहेको छ । आयल निगमले साता-साता जस्तोमा नै मूल्य बढाएर जनताको ढाड सेक्ने काम गरिरहेको छ । अर्बौंको घाटा हिसाब सार्वजनिक गरिरहेको छ । अहिले विश्वमा नै तेल/ग्यासको मूल्य बढिरहेको अवस्थामा आयल निगमले पनि बढाउनु स्वाभाविक मान्न सकिन्छ । तर, आयल निगमले विश्वबजारमा मूल्य घट्दासमेत मूल्य समायोजन नगरेर उपभोक्तालाई सेक्ने काम गर्दै आएको छ । उल्टो निगमका कर्मचारी बोनस बाँढेर खान पछि पर्दैनन् ।

अहिले विश्वमा नै पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या भइरहेको छ । यसबाट नेपाललाई प्रभावित नपार्ने कुरा भएन । तर कालाबजारी गर्न पल्केका व्यवसायीहरू यही बेला मौका छोपेर कमिसन बढाउने खेलमा लागेका छन् । उनीहरू अलिकति पनि जनताप्रति संवेदनशील नभई ढुवानी र बिक्री बन्द गर्न अघि सरे । केही दिनको आन्दोलनले नै काठमाडौं उपत्यकामा त्रास सिर्जना गरेको पेट्रोल पम्पहरू सबै नखुल्दा सीमित पम्पहरूमा सवारीसाधनको लामो लाइन लागेको थियो शनिबार । यसले जनतालाई थप मारमा पारेको छ । किनभने मूल्यवृद्धिको भार हामी जनताले खेपिनै रहेका छौं । त्यहीमाथि अभाव सिर्जना गरिदिँदा पेट्रोल/ग्यासको लाइनमा बस्ने कि काम गर्ने ?

यति संकट भइसक्दा पनि सरकारले कडा कदम चाल्न सकेको छैन । व्यवसायी र आयल निगमबीच शनिबार सम्झौता भएर आन्दोलन स्थगित भएको भनिएको छ । तर, आइतबारसम्म पनि सहजरूपमा पेट्रोल/डिजेल भर्न जनताले पाएका छैनन् । लामो लाइनमा बसेर तेल भर्नुपर्ने बाध्यता छ । जनतालाई समस्यामा पार्ने काम व्यवसायीहरूको दादागिरी हो । यसलाई कसले नियन्त्रण गर्ने ? सरकार उनीहरूलाई कारबाही गर्न सक्दैन । लाचार भएर बसेको छ । आखिर मारमा पर्ने जनता नै त हुन् । सत्तामा रहेकाहरूलाई जसरी नि चलिहाल्छ त ।

यो समस्या अहिलेको मात्रै होइन । वर्षौंदेखि जनताले यो समस्या बेहोर्दै आएका छन् । कहिले भारतले तेल नदिएको, कहिले मूल्य समायोजन नभएको भन्दै व्यवसायी आन्दोलित हुने, कहिले ढुवानी व्यवसायीले हड्ताल गर्ने । यस्ता समस्या भोग्दा-भोग्दा जनता आजित भइसकेका छन् । यसमा न सरकारको ध्यान पुगेको छ, न सरोकारवाला निकायको । राजनीतिक दलहरू त कुर्सीको पछाडि दौडने मात्र हुन् । जनताका पीरमर्का बुझ्ने नेता, पार्टी खै ?

इन्धनजस्तो अति आवश्यक वस्तुको आपूर्ति रोक्ने व्यवसायी र यसको व्यवस्थापन गर्न नसक्ने सरकारको लाचारीपन साँच्चिकै खेद्जनक छ । जनताका नाममा राजनीति गर्ने नेताहरूले अलिकति मात्र सोचदिने हो भने जनताले यति धेरै कष्ट बेहोर्नुपर्ने थिएन । तर, यो आशा गर्ने मात्रै हो ।

व्यवसायीहरू पनि नाफामुखी मात्रै भइदिए । त्यत्तिमात्र हैन, सकेसम्म उपभोक्ताबाट लुट्न खोज्छन् । पेट्रोल पम्पहरूमा मिटर बिगारेर कम परिमाणमा पेट्रोल बेच्ने गरेका घट्ना धेरै सार्वजनिक भइसकेका छन् । यति तल गिरेर उपभोक्तमाथि ठगी गर्ने व्यवसायीलाई यसैगरी सधैँ पुग्ला र ? सधैँ उपभोक्तामाथि दादागिरी गरिरहन नैतिकताले कसरी दिन्छ होला ? जनतालाई पीडा थपिरहने, चुसीरहने [illegible]

**जानकारी**

**अब यस दैनिकले [illegible] पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## अन्तिम सुनुवाइ...

पृष्ठ १ बाट जारी

### आइतबार सुनुवाइ

एक पटक स्थगित र पाँचपटक हेर्न नमिल्नेमा परेको यो मुद्दामा तीन पटक विभिन्न आदेश भएका छन्। पछिल्लोपटक २९ फागुनमा न्यायाधीशहरू ईश्वर खतिवडा र कुमार चुँडालको संयुक्त इजलासले पूर्ण सुनुवाइका लागि आदेश दिएको थियो। सोहीअनुसार आइतबार न्यायाधीशहरू अनिल सिन्हा र नहकुल सुवेदीको संयुक्त इजलासमा पूर्ण सुनुवाइका लागि पेसी चढ्यो। तर, आइतबार पनि सुनुवाइ हुन सकेन। मुद्दा हेर्न नमिल्नेमा पर्‍यो।

आइतबार न्यायाधीश सिन्हा र सुवेदीको इजलासमा पेसी परेपछि नेपालपक्षका कानुन व्यवासायीले पेसी सार्न माग गर्दै निवेदन दिएका थिए। इजलास सुरु नहुँदै १४ सांसदको तर्फबाट अधिवक्ता अम्बर राउतले कानुन व्यवसायी बिरामी भएको कारण देखाउँदै सुनुवाइ स्थगित गर्न निवेदन दिएका थिए। तर, त्यसलाई न्यायाधीश सिन्हा र सुवेदीको इजलासले अस्वीकार गरिदियो। एकभन्दा बढी कानुन व्यवसायीको वकालतनामा भएको अवस्थामा एकजना मात्रै बिरामी भएमा मुद्दा नै स्थगित नगरिने भन्दै सुनुवाइ हुने इजलासले आदेश गर्‍यो।

त्यसपछि एकीकृत समाजवादीका कानुन व्यवसायीहरूले मुद्दालाई संवैधानिक इजलासमा पठाउन माग गरे। अधिवक्ता गोविन्द बन्दीले विवादमा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको भन्दै संवैधानिक इजलासमा पठाउनुपर्ने बताए। तर, इजलासले 'त्यसबारे आफूहरूले पछि निर्णय गर्ने' भन्दै सुनुवाइ अघि बढाउन थाल्यो। तर, त्यही बीचमा न्यायाधीश सुवेदीले आफू सुनुवाइमा बस्न मिल्ने/नमिल्ने के हो भनेर राय मागे। उनले एमाले सांसद सोमप्रसाद पाण्डेको मुद्दा आफूले हेरेकाले त्यही विषयसँग सम्बन्धित सुनुवाइमा बस्न हुने कि नहुने भनी राय मागे।

न्यायाधीश सुवेदीले आफूले पाण्डेको मुद्दामा अन्तरिम आदेश जारी गर्दा एकीकृत समाजवादीको विषय पनि परेको र अहिले सोही पार्टीको वैधानिकतासम्बन्धीको मुद्दा भएकाले बस्न नमिल्ने हो कि भनी कानुन व्यवसायीको राय मागेका थिए। बहसका लागि गएका नेकपा एमालेका कानुन व्यवसायीहरूले जसरी हुन्छ सुनवाइ अघि बढाउनुपर्ने माग गरे भने एकीकृत समाजवादीका कानुन व्यवसायीले प्रश्न नै उठेपछि इजलासबाट अलग हुनु उचित हुने भन्दै सुनुवाइ अघि नबढाउन माग गरे।

ओलीपक्षका कानुन व्यवसायी पूर्वमहान्यायाधिवक्ता रमेश बडालले सोम पाण्डेको सन्दर्भमा के आदेश हो हामी मुद्दाका पक्षधरलाई थाहा छैन भन्दै सुनुवाइ अघि बढाउनुपर्ने जिकिर गरे। पाण्डेले नेकपा एकीकृत समाजवादी रोज्न भनेर निर्वाचन आयोगमा पुग्दा आयोगले ५ बजेपछि निवेदन आएको भन्दै उनको निवेदन लिएको थिएन। त्यसकाविरुद्ध पाण्डे सर्वोच्चमा गएका थिए। ईश्वर खतिवडा र नहकुल सुवेदीको इजलासले आयोगमा निवेदन दिएका आधारमा पाण्डेमाथि कुनै कारबाही नगर्न विपक्षीका नाममा अन्तरिम आदेश दिएको थियो।

ओलीपक्षका वकिलहरू महेश नेपाल, रमेश बडाल, बाबुराम दाहाल, ईश्वरी भट्टराईलगायतले पाण्डेको मुद्दा र १४ सांसद फरक रहेकाले हेर्न नमिल्ने भन्ने नरहेको जिकिर गरे। तर, नेपालपक्षका वरिष्ठ अधिवक्ता शम्भु थापा, चन्द्रकान्त ज्ञवालीलगायतले न्यायाधीशले हेर्न नमिल्ने भनेपछि नहेर्दा राम्रो हुने बताए।

अन्ततः सुनुवाइ स्थगित भयो। रिट निवेदक पक्षका कानुन व्यवासायीले आइतबार नै अर्को पेसीको समय तोक्नुपर्ने माग गरेपछि अर्को पेसी २७ चैतमा राख्न इजलासले आदेश दियो।

### मुद्दाभित्रको राजनीतिक स्वार्थ

मुद्दाको सुनुवाइ जसरी पनि अघि बढाउनुपर्ने ओलीपक्षको माग र सुनुवाइ रोक्नका लागि अनेक प्रयत्न गर्ने नेपालपक्षको रणनीतिभित्रको राजनीतिक स्वार्थ छर्लंग छ। अदालतले ओलीको मागबमोजिम नेपालसहित १४ सांसदलाई कारबाही र एकीकृत समाजवादी खारेज हुने फैसला गर्‍यो भने नेपालको पार्टीले आउँदो स्थानीय निर्वाचनमा भाग लिन पाउने छैन।

अदालतले कस्तो फैसला गर्छ, उसकै हातमा छ। प्राप्त प्रमाण र कानुनका आधारमा अदालतले फैसला गर्ला। तर, ओलीपक्षले भने जे निर्णय पनि छिटो गर्दा त्यसले आफूलाई राजनीतिक फाइदा हुने बुझेको छ। सकभर आफ्नो पक्षमा फैसला आओस् भन्ने ओलीको मनसाय छ।

ठीक, त्यसैगरी आफ्नो पार्टी जोगियोस् भन्ने नेपालको चाहना छ। कथं, अदालतबाट आफूअनुकूल निर्णय आएन भने आफूहरूको सांसद पद नरहने मात्र होइन, पार्टीविहीन हुने अवस्था आउने भएकाले नेपालपक्ष सुनुवाइ सार्न चाहन्छ। स्थानीय निर्वाचनपछि सुनुवाइ गर्दा आफूहरूलाई राहत हुने नेपालपक्षको बुझाइ छ। चुनावमा भाग लिएर निर्वाचित पनि भइसकेपछि आफ्नो पार्टीलाई खारेज गर्न नमिल्ने भनेर अदालतले व्याख्या गर्न सक्ने नेपाल पक्षको आश छ। त्यसका लागि चुनावअघि सकभर सुनुवाइ नभइदेओस् भन्ने उनीहरूको चाहना छ।

तर, अदालते २७ चैतका लागि पेसी तोकेकाले सुनुवाइ अघि बढ्ने नै छ। यद्यपि, गोलाप्रथाबाट पेसी निर्धारण गरिने भएकाले त्यो दिन कुन न्यायाधीशको इजलासमा पेसी पर्छ भन्ने यकीन छैन। आइतबारजस्तै 'हेर्न नमिल्ने' न्यायाधीशको इजलासमा पेसी पर्‍यो भने मुद्दाको सुनुवाइ फेरि धकेलिनेछ।

---

Bijaynagar Rural Municipality

**Office of the Rural Municipal Executive**

Khuruhuriya, Kapilvastu

Lumbini Province, Nepal

## Invitation for Online Bids

Date of publication: April 04, 2022(2078/12/21)

The Bijaynagar Rural Municipality has received funds to cover eligible payment under the Contract for the contracts named below.

| SN | IFB No./Works | Estimated Amount (Excluding PS,VAT& Contingency, NRs) | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Bidding Process/Notice No. |
|---|---|---|---|---|---|
| 1 | 22/NCB/GOODS/BRM/2078-79 (Purchase and Supply of Ladies Bicycle) ) | 31,87,431.00 | 91,000 | 3,000 | NCB/ First |
| 2 | 18/SQ/WORKS/BRM/2078-79 (Premnagar Gaun Bitra Sadak Kalopatre tatha staronnati (Phase II) ) | 12,37,035.62 | 35,000 | 1,000 | SQ/Second |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/ with Public Entity Name : Bijaynagar Rural Municipality.
2. **Bank Account No.**
   **Name of the Bank: Prabhu Bank, Bijayanagar Branch**
   **Account name : Antarik Rajaswa Khata/ Dharauti Khata**
   **Account No. : 1410107150500111/1410107150500036**
3. Last date and Time of Bid Submission/Opening:

| SN | Bidding Process/Notice No. : | NCB/First | SQ/Second |
|---|---|---|---|
| 1 | Last Date and Time of Bid Submission : | May 04,2022(2079/01/21); 12:00 Hours | April 19,2022(2079/01/06); 12:00 Hours |
| 2 | Last Date and Time of Bid Opening : | May 04,2022(2079/01/21); 13:00 Hours | April 19,2022 (2079/01/06); 13:00 Hours |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
5. Any amendment in the tender notice or Bidding Dotcument will be posted in the notice board at Bijayanagar Rural Municipality Office, Khuruhuriya, Kapilvastu and may visit in Office's Web site www.bijaynagarmun.gov.np.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. For further information visit PPMO website: https://bolpatra.gov.np/egp/ or contact: 9857014869/9857072737 or email: bijaynagar.mun@gmail.com

**Chief Administrative Officer**

---

प्रदेश सरकार

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रकाशन मिति २०७८/१२/२१

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुरको मिति २०७८/११/०३ मा नागिरक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार निम्न कार्यका लागि पेस भएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिको लागि छनोट तथा सिफारिश भई आएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सी. न. | ठेक्का नं. | आयोजनाको नाम/ कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (मु.अ.क.सहित) | लागत अनुमान भन्दा घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | VHLEC/NCB/W/ 01-078/079 | Gaushala Construction Work at Shuklaphanta -9 Kanchanpur | GK Group Nirman Sewa, Kanchanpur | 2947305.44 | 23.70% |

डापान सिह ठगुन्ना

कार्यालय प्रमुख

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEE NOODLE MANUFACTURER SDN BHD

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260643 | चलानी नं. ६०१७७०९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1200 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले　　सेवा शुल्क: निःशुल्क/-

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः चैत २८ गते (11th Apr. 2022)मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW CONSTRUCTION TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०७८/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२० | LT. No. 248486 | चलानी नं. ६०१६६०२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 6 | 0 | 1200 | ४०,१२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 9 | 0 | 1200 | ४०,१२५ | | | | | | | |
| 3 | Tile Maker | 9 | 0 | 1200 | ४०,१२५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते (11th Apr. 2022)मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**ABC PLACEMENTS PVT. LTD**

श्रम इजाजत नं. 537/061/62

Gaushala-7, Kathmandu, Nepal, Tel : 977-1-4482340,

Email : infoabcplacement@gmail.com,

info@abcplacement.com, Website: www.abcplacement.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED BIN JASSIM BIN KHALAF AL SHAMMARI FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260683 | चलानी नं. ६०१७७१०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 7 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BAHA AL WARD TRADING EST

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260688 | चलानी नं. ६०१७७१०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Florist | 2 | 0 | 1500 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले　　**सेवा शुल्क: १०,०००/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRESH CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260867 | चलानी नं. ६०१७७१७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४०,१२५ | | | | | | | |
| 3 | Gen Clean Worker | 3 | 0 | 1000 | ३३,४४० | | | | | | | |
| 4 | Labourer | 1 | 0 | 1000 | ३३,४४० | | | | | | | |
| 5 | Mason | 1 | 0 | 1200 | ४०,१२५ | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2500 | ८३,५९५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालयमा चैत २८ गते (11th Apr. 2022)मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले　　**सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

# प्रभाव दैनिक




## पुष्प र रिमाको रोमान्समा मनको कुरा

गायक तथा संगीतकार सर्जु रंजितको सुमधुर स्वरमा रहेको 'मनको कुरा' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । प्रेमिल शैलीको यस गीतमा सुनिता रञ्जितको शब्द रहेको छ । म्युजिक भिडियोमा पुष्प खड्का र रिमा विश्वकर्मा बीचको अन्स्क्रिन प्रेम र रोमान्सलाई प्रस्तुत गरिएको छ । अमर चित्रकारले यस गीतको भिडियोलाई छायाँकन गरेका हुन् ।



सोमबार, २१ चैत २०७८ (Monday, April 4, 2022)

# रिसम र स्नेहालाई रनवे ड्रिम्स २०२२ उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** रिसम मितल र स्नेहा ढकालले 'रनवे ड्रिम्स २०२२' (सिजन २) को उपाधि जितेका छन् । स्नेहाले ८ प्रतियोगिलाई पछिपार्दै केटी तर्फ र रिसम १० प्रतियोगिलाई पछिपार्दै केटा तर्फको शिर्ष उपाधि चुमेकाहुन् । विजेताले ७० हजार नगद सहित विभिन्न उपहार प्राप्त गरे ।

'ड्रिम्स इन्टिच्युटअफ मोडलिङ फेसन'को आयोजनामा शनिबार अबेर साँझ लेन्ड मार्क रिसेप्सन कतिमाटीमा आयोजित प्रतियोगीतामा केटीतर्फ अनुषा कुवँर क्षेत्री फष्टरनरअप र अनु मानन्धर सेकेन्ड रनरअफ चुँनिदा केटातर्फ ओम जोशी फष्टरनर अप र समर पुरी सेकेन्ड रनरअप विजेता बने ।

साजसज्जा सहित भब्य रूपमा निर्माण गरिएको रनवे सहित फेसनमय बातावरमा आयोजित प्रतियोगितामा अभिनेता रमेश उप्रेती, पहिलो मिस युनिभर्स नग्मा श्रेष्ठ, फेसन डिजाइनर मञ्जु ढकाल, टन्सर कसेसी, उपसना श्रेष्ठ, निकिता थापा लगायत निणार्यक रहेका थिए ।

अभिनेता, अभिनेत्री कृष्ण मल्ल, कृष्ण मल्ल बिषेश अतिथि र पर्यटन बोर्डका नन्दिनी थापा बिषेश अतिथिको रूपमा सहभागी प्रतियोगीतामा 'मिसेस टुरिजम २०२२' को ताज मधु किरणलाई प्रदान गरियो । मधुले दुवईमा आयोजना हुने अन्तराष्ट्रिय प्रतियोगीता 'मिसेस टुरिजम २०२२'मा नेपालको प्रतिनिधित्व गर्ने आयोजक संस्थाकी सिइयो दुर्गा बिसुरालले जानकारी दिइन् ।

युवायुवतीलाई उत्कृष्ट प्रशिक्षण सहित भविश्यमा मोडलिङ र फेसनको जुनै पाटोमा पनि सक्षम रूपमा अगाडि बढाउदै उज्वल भबिश्य निर्माणमा सक्षम बनाउने उदेश्यले रनवे ड्रिम्स प्रतियोगिता आयोजना भएको आयोजक 'ड्रिम्स इन्टिच्युटअफ मोडलिङ फेसन'मा म्यानेजिङ डाइरेक्टर डा. नविन शाहले जानकारी दिए ।

प्रतियोगितामा फोटो जेनिक अनिल महत, जाग्रिती यादव, मोष्टपपुलर राजिव चौधरी, प्रिंकला खड्गी, बेष्टवाक सौर्य तिर्वा, अनुषा कुवँर क्षेत्री, मष्टफ्रेण्डली आयुष पाण्डे, ग्रिष्मा तामाङ, बेष्टहेयर प्रमिला बिष्ट, मष्टइष्टाइलिस ओम जोशी र प्रमिला बिष्ट, बेष्टफिजिक समर पुरी, प्रिंकला खड्गी, मष्टट्यालेन्ट जिक्टेन शेर्पा, अनुषा कुवँर क्षेत्री बेष्टफर्सनालिटी रिसभ मितल, स्नेहा ढकाल, मिस डिसिप्लेन सृष्टि नेमकुल घोषित भएका थिए । सांगीतिक माहोलमा सम्पन्न प्रतियोगिताको कोरियोग्राफर रोजिन शाक्य रहेका थिए ।




# निफ बहस : चलचित्रमा अभिव्यक्ति स्वतन्त्रता

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रमा अभिव्यक्ति स्वतन्त्रताको बिषयमा चलचित्रकर्मी र पत्रकारहरू विच छलफल भएको छ । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको पाँचौ संस्करणको चौथो दिन गणतान्त्रिक संविधानले अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको समयमा पनि चलचित्रलाई सेन्सर गर्न' संविधानको भावना विपरित भएको निष्कर्ष उक्त छलफलबाट निकालिएको छ ।

किताब छाप्दा, गीत लेख्दा, पत्रकारिताको सामाग्रीहरू माथि सेन्सर नहुने तर चलचत्रिको कथा र शिर्षक माथि नै सेन्सर हुनु असाध्यै निरकुश अवधारण भएको भन्दै बरिष्ठ पत्रकार निर्मला शर्माले चलचित्रको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरिएको छ । अभिव्यक्तिको सबैभन्दा प्रभावकारी माध्यम भनेको मेरा सबै पात्रहरू न्यूड छन् र जस्तो पनि भाषा बोल्छन् भने पनि मैले चलचित्र बनाउन पाउनुपर्छ भन्ने दाबी गर्दै चलचित्रकर्मी गणेशदेव पाण्डेले आफ्नो चलचित्र गाँजाबाजाको नाम नदिएर परिवर्तन गरिएको बताए ।

सेन्सर कथाको छनौटबाट नै सेन्सर गरिने तथा निर्माण भैसकेपछि पनि डरको कारणले अंकुश लगाएको हो भन्दै निर्देशक पाण्डे भन्छन् - म न्यूडिटि माथि चलचित्र बनाउन तयारी गर्दैछु यदि राज्यले रोक्न सक्छ भने रोकोस् । त्यस्तै पत्रकार तथा चलचित्रकर्मी अरुणदेव जोशीले चलचित्रदेखि शासकहरू डराउँने कुरा बताउँदै आफ्नो विरुद्ध चलचित्रको प्रयोग नहोस् भनेर सेन्सरको व्यवस्था गरिएको भन्दै आफ्नो मत राखे । चलचित्रकर्मीहरू जिम्मेवार हुदै सेल्फ सेन्सर गर्न पर्छ भन्दै पत्रकार शर्माले त्यसपछि भने सेन्सरको आवश्यक नै पर्दैन भन्ने विचार राखिन् ।

शासक नै निरंकुश भएको कारण असाध्यै अन्याय र अत्याचारहरू समाजमा व्याप्त छ भन्दै चलचित्रकर्मी जोशीले त्यसकारण यथार्थपरक चलचित्रमा बढि सेन्सर भएको पाइन्छ । त्यसैले सेन्सर शासक सुरक्षा कवचको रूपमा प्रयोग भईरहेको बताए ।

नयाँ मान्छेलाई निर्देशन बन्न नपाउने प्रावधान गलत भएको भन्दै पत्रकार शर्माले तर चलचत्रि जस्तो प्रभावकारी माध्यमको क्याप्टेन निर्देशक अनुभवी हुन आवश्यक भएको बताईन ।

चलचित्रलाई कलाको रूपमा हेर्नुपर्छ भन्दै इतिहासलाई हेर्ने आ-आफ्नो दृष्णिकोट हुनसक्छ ।

जसले जेपनि गर्न पाइदैन भन्दै पत्रकार शर्मा चलचित्र नागरिक कै बनाउने भएको हुनाले समाजप्रति जिम्मेवार हुनुपर्ने कुरा छलफलको क्रममा बताइन् । अभिव्यक्ति स्वतन्त्रताको उपयोग सबैले गर्न पाउनु पर्ने भन्दै राज्यले चलचित्रमाथि सेन्सर गर्ने प्रक्रियालाई बन्द गरोस् भन्ने निर्ष्कष छलफलबाट निकालिएको थियो ।

## रंगशाला

### त्रिकोणात्मक टी-२० सिरिज

# नेपाल र पीएनजीबीचको फाइनल आज




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी त्रिकोणात्मक टी-२० क्रिकेटको फाइनल खेल आज (सोमबार) हुँदैछ । उपाधिका लागि आयोजक नेपाल र पपुवान्युगिनी (पीएनजी) भिड्ने भएका छन् ।

नेपालले लिग शतप्रतिशत नतिजासहित फाइनल प्रवेश गरेको थियो भने पीएनजी एक खेल जित्दै नेट रनरेटका आधारमा फाइनल प्रवेश गरेको थियो । प्रतियोगिताको अर्को सहभागी राष्ट्र मलेशिया भने १ खेलमा जित हात पार्दै उपाधिबाट बाहिरिएको थियो ।

नेपालले पीएनजी र मलेशियालाई चारवटै खेलमा पराजित गरेको थियो भने ती दुई देशहरूले १/१ खेलमा जित हात पारेका थिए ।

फाइनल खेलको पूर्वसन्ध्यामा आइतबार नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेले फाइनल खेलमा सत प्रतिशत दिएर उपाधिका लागि खेल्ने बताएका थिए ।

फाइनल खेलको पूर्वसन्ध्यामा भएको पत्रकार सम्मेलनमा बोल्दै सन्दीपले घरेलु दर्शकमाझ खेल्न सहज हुने र आफ्नो सत प्रतिशत दिएर खेल्ने बताएका थिए ।

'फाइनल खेल निकै नै महत्वपूर्ण छ । हामी उपाधि जित्न आफ्नो सत प्रतिशत दिएर खेल्छौं,' सन्दीपले भने ।

नेपाल र पपुवा न्युगिनी (पीएनजी) बीचको फाइनल खेल कीर्तिपुरस्थित टियु मैदानमा दिउँसो साढे १२ बजे सुरु हुनेछ ।

यो शृंखला कप्तान सन्दीप लामिछानेको लागि समेत निकै महत्वपूर्ण रहेको छ । उनको कप्तानीमा नेपाल पहिलो पटक कुनै श्रृंखला नजिक रहेको छ । सन्दीपले भने यस विषयमा श्रृंखला सबै खेलाडीको लागि उत्तिकै महत्वपूर्ण हुने र आफूलाई समेत सोही भएको बताए ।

'टिमको सदस्य हुँ । अरूलाई जस्तो मलाई पनि उस्तै छ । मेरो कप्तानमा केही विशेष भन्ने हुँदैन,' सन्दीपले भने । यस्तै उनले घरेलु दर्शकमाझ खेल्दा सधैँ ऊर्जा प्राप्त हुने बताए ।

त्यस्तै उपाधिका अर्का दाबेदार पीएनजीका कप्तान आसाद भालाले आफूहरूले पनि जतिसक्दो राम्रो खेल्ने बताए । उनले भने, 'हामी पनि उपाधिका दाबेदार नै हौं, खेल त्यही हो भोली जस्ले राम्रो खेल्न उ नै च्याम्पियन बन्नेछ ।'

उनले नेपालका दर्शकहरू उत्कृष्ट भएको बताउँदै नेपाली दर्शकमाझ खेल्दा आफूहरूलाई दबाबका साथै उत्साह पनि थप्ने बताए ।

### इटहरी गोल्डकप

# मनाङ मर्स्याङ्दी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**इटहरी–** मनाङ मर्स्याङ्दी क्लब इटहरीमा जारी १२ औं संस्करणको इटहरी गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । इटहरी रंगशालामा आइतबार भएको दोश्रो क्वाटरफाइनलमा पाहुना टोली कञ्चनजंघा फुटबल क्लब भारतलाई २-० गोल अन्तरले हराउँदै मनाङले अन्तिम चारको यात्रा तय गरेको हो ।

मनाङको जितमा आफिज ओलावाले नायक बने । खेलको दुवै गोल उनले गरेका थिए । खेलको १६ औं मिनेटमा आफिजले गोल गर्दै मनाङलाई सुरुआती अग्रता दिलाएका थिए । शिशिर लेखीको क्रसपासमा उनले जाली चुमाए ।

पहिलो हाफमा १-० को अग्रता बनाएको मनाङले दोश्रो हाफमा समेत १ गोल थप्यो । खेलको ७८ औं मिनेटमा आफिजले व्यक्तिगत दोस्रो गोल गर्दै अग्रता दोब्बर बनाए । त्यसबाहेक खेलमा दुवै टोलीले केही राम्रा मुभहरूलाई सदुपयोग गर्न सकेनन् । खेलको तेश्रो मिनेटमा अरुण तामाङको प्रहार मनाङका गोलरक्षक विशाल सुनारको हातबाट फुत्किएपनि दिनेश राजवंशीले गोललाइनबाट क्लियर गरिदिए ।

१३ औं मिनेटमा मनाङका शिशिरले लामो दुरीबाट गरेको प्रहार क्रस बारमा लागेर फर्कियो । ४५ औं मिनेटमा आफिजको पासमा फ्रयाङ्कलिन कुटेको प्रहार कञ्चनजंघाका डिफेन्डरले क्लियर गरिदिए । ६४ औं मिनेटमा कञ्चनजंघाका कप्तान सन्दिप लिम्बुको हेडर बाहिरियो ।

६५ औं मिनेटमा शिशिरको प्रहार पोष्ट नजिकैबाट बाहिरियो । ६९ औं मिनेटमा प्रवेश कुँवरको पासमा दिपक राईको हेडर गोलरक्षक निगम सिंहले पञ्च गरेर बचाए । ७१ औं मिनेटमा अफिजको हेडर गोलरक्षकले सहजै नियन्त्रणमा लिए । ७४ औं मिनेटमा कञ्चनजंघाका अनिता राई प्रहार गोलपोष्ट नजिकैबाट बाहिरियो । इन्जुरी समयमा अञ्जन विष्टले गरेको प्रहार गोलरक्षकले सहजै नियन्त्रणमा लिए । खेलमा दुई गोल गरेका आफिज म्यान अफ दि म्याच हुँदै नगद १० हजार प्राप्त गरे ।खेलपछि कञ्चनजंघाका प्रशिक्षक दिनकर क्षेत्रीले पराजयका बाबजुद पनि आफ्ना खेलाडी उत्कृष्ट खेल देखाएको बताए ।

**कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७६।०५।२६मा दर्ता भएको प्रा.लि.नं. २२४२०८।७६।७७ को खस्योर किचन रेष्टुरेन्ट प्रा.लि.को मिति २०७८।१२।११मा बसेको एकल शेयरधनीको विशेष वैठक/बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी(लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही,कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**पूर्ण प्रसाद पराजुली**
**दामासाही व्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९, अनामनगर, काठमाण्डौ**
**मो.नं. ९८५१०२६३३२**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकाबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने ईजाजत प्राप्त **श्री जे.बि.आर. एसोसियट्स प्रा.लि. (इ.प.न. ५१०)** तपसिल बमोजिमका संचालक/शेयरधनीहरूले आ–आफ्नो नाममा कायम रहेको शेयरहरू तपसलि बमोजिमका खरिदकर्ताहरूलाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकको शेयरधनी नाम/शेयर संख्या | अव कायम हुने शेयरधनी नाम/शेयर संख्या |
|---|---|
| १. गाजाला प्रविन (कि.नं. १देखि १५,०००)<br>२. जाकिर हुसेन (कि.नं. १५,००१ देखि ३००,०००) | १. गाजाला प्रविन (कि.नं. १देखि १५,०००)<br>२. म. साजन हुसैन (कि.नं. १५,००१ देखि ३००,०००) |

# पाकिस्तानको संसद् विघटन

## ९० दिनभित्र निर्वाचन हुने

**इस्लामावाद–** पाकिस्तानका राष्ट्रपति अरिफ अल्भीले संसद् विघटनको प्रस्ताव सदर गरेका छन् । प्रधानमन्त्री इमरान खानको प्रस्तावलाई उनले आइतबार सदर गरेसँगै पाकिस्तानको संसद् विघटन भएको छ । संसद् विघटनसँगै उनले आगामी ९० दिनभित्र निर्वाचन गर्ने घोषणा पनि गरेको राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ ।

यसअघि पाकिस्तानी प्रधानमन्त्री खानविरुद्ध विपक्षी गठबन्धनले पेस गरेको विश्वासको प्रस्तावलाई राष्ट्रिय सभाका उपसभामुखले अस्वीकृत गरेका थिए । राष्ट्रिय सभा वा संसद्को तल्लो सदनका उपसभामुख कासिम खान सुरीले प्रधानमन्त्रीविरुद्धको आन्दोलनमा विदेशी हात संलग्न भएको भन्दै अस्वीकार गरेका हुन् । उनले अविश्वासको प्रस्तावलाई खारेज गर्दै विपक्षीले प्रस्ताव पेस गर्नेमा विदेशी संलग्नता भेटिएको र यो कदम पाकिस्तानको संविधानविपरीत भएको बताए ।

प्रधानमन्त्री खानले संसद्मा आफूविरुद्धको अविश्वास प्रस्ताव पेस गर्न उपसभामुखले अस्वीकार गरेको केहीबेरमै संसद् विघटनको सिफारिस गरेका थिए । विपक्षी दलले काम गर्न नदिएकाले अहिलेको संसद् विघटन गरेर निर्वाचनमा जान लागिएको उनले स्पष्ट पारे ।

पाकिस्तानमा लामो समयदेखि विपक्षी दलले प्रधानमन्त्री खान र उनी नेतृत्वको सरकारविरुद्ध आन्दोलन गर्दै आएका थिए । राष्ट्रका नाममा सम्बोधन गर्दै खानले निर्वाचनका लागि तयारी अवस्थामा रहन आमनागरिकलाई आह्वान पनि गरेका छन् । विपक्षले आफूविरुद्ध गरेको अविश्वास प्रस्तावको विरोध गर्दै उनले यसलाई देशमाथि गरिएको 'धोका' को संज्ञा दिएका थिए ।

प्रधानमन्त्री खानले आफू निडर भएर स्वतन्त्र र लोकतान्त्रिक पाकिस्तानका लागि लडाइँ जारी राख्ने बताएका छन् । उनले पाकिस्तानका युवालाई बाह्य शक्तिले गरेको षड्यन्त्रविरुद्ध आन्दोलन गर्न र आवाज उठाउन भन्दै आफू अन्तिमसम्म सत्यको पक्षमा लडिरहने बताएका छन् ।

खानले प्रतिपक्षी दलका नेताले आफूविरुद्ध लगाएका आरोपलाई जनमतद्वारा खारेज गरिदिने चेतावनी पनि दिएका छन् । रासस/एएनआई

# युक्रेनी बन्दरगाहमा ६० भन्दा बढी विदेशी जहाज अवरुद्ध

**रूस (मस्को)–** गोलाबारी र खानीको खतराका कारण ६० भन्दा बढी विदेशी जहाज युक्रेनी बन्दरगाह छोड्न असमर्थ भएको रुसी राष्ट्रिय रक्षा नियन्त्रण केन्द्रका प्रमुख मिखाइल मिजिन्त्सेभले जनाएका छन् ।

'युक्रेनी बन्दरगाहमा ६० भन्दा बढी विदेशी जहाज अवरुद्ध छन् । किभले यसको आन्तरिक जल र क्षेत्रीय समुद्रमा सिर्जना गरेको गोलाबारी र उच्च खानीको खतराले जहाजलाई सुरक्षितरूपमा बाहिर जान अनुमति दिँदैन,' मिजिन्त्सेभले शनिबारको ब्रिफिङमा भनेका छन् । उनले थप भने, 'हामी अन्तर्राष्ट्रिय सामुद्रिक संगठन र जहाज मालिकको व्यवस्थापनलाई आधिकारिक किभलाई युक्रेनको बन्दरगाहबाट विदेशी राज्यको जहाजको बाहिर निस्कने सुरक्षालाई अवरुद्ध गर्ने र सुनिश्चित गर्ने उपाय लिनको लागि आह्वान गर्दै छौं ।'

बिहीबार रुसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले युक्रेनी नौसेनाले फेब्रुअरी २५ र मार्च ४ बीचमा आजोभ सागर र ब्ल्याक सीमा ४२० वटा एंकर माइन राखेको बताएका छन् । तीमध्ये कम्तीमा १० खानी पश्चिमी भागमा स्वतन्त्ररूपमा बगिरहेका छन् ।

डोनेट्स्क र लुहान्स्क जनवादी गणतन्त्र (डिपिआर र एलपिआर)ले किभ सेनाविरुद्ध आफूलाई बचाउन मद्दतको लागि अपिल गरेपछि रूसले गत २४ फेब्रुअरीमा युक्रेनमा विशेष सैन्य कारबाही सुरू गरेको हो । रुसले भने कि उसको विशेष अपरेसनको उद्देश्य युक्रेनलाई निशस्त्रीकरण र 'डिनाजिफाइ' गर्नु हो र केवल सैन्य पूर्वाधारलाई लक्षित गरिएको छ । मस्कोले बारम्बार जोड दिँदै आएको छ कि उसको युक्रेन कब्जा गर्ने कुनै योजना छैन । रासस/एएनआई


## Notice

**Rewan Pradhan** is a student at St.Joseph's School, Darjeeling. His mother's and father's actual Name is **Mrs. Rameshwari Palikhey (Pradhan)** and **Mr. Shyam Prasad Pradhan** as per the legal documents.

### कम्पनीको नाम परिवर्तन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

तेस्रोपटक प्रकाशित मितिः २०७८।१२।२१

यस कम्पनीको मिति २०७८/०४/१८ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **सि.के.एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा.ली** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि (परिवर्तन नाम) **कालिका आकाश इन्टरनेशनल प्रा.लि** नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/३० को निर्णय अनुसार नाम परिवर्तन गरिएको सूचना प्रकाशित गरिएको छ ।

**कालिका आकाश इन्टरनेशनल प्रा.लि (प्रा.लि. नं.२०५१५७)**
**का.म.न.पा-४, काठमाण्डौ, बागमती**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN GULF ARCADE TRADING EST**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260880 | चलानी नं.६०१७७११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pan Road Machinery Driver | 1 | 0 | 1800 | ५८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत्र २५ र २६ गते (8 & 9th Apr. 2022)मा हुनेछ ।

अन्तिम अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत्र २८ गते (11th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ROAD TRUCK TRANSPORTATION**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260814 | चलानी नं. ६०१७७०१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 6 | 0 | 1900 | ६१,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **QWAT AL-ASIMA INDUSTRIAL COMPANY(ONE PERSON COMPANY)**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260707 | चलानी नं. ६०१७७०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 20 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL KUWAIT AL MUMAYAZ COMPANY LIMITED IS A ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260690 | चलानी नं. ६०१७७०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee and Tea Maker and Others | 4 | 0 | 1200 | ३८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत २८ गते (11th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FAMILY CORNER TRADING COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260735 | चलानी नं. ६०१७७८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1500 | ४८,६८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cloth Rack Worker | 7 | 0 | 1500 | ४८,६८५ | | | | | | | |
| 3 | Data Entry Clerk | 2 | 0 | 2000 | ६४,९१० | | | | | | | |
| 4 | Normal Worker | 13 | 0 | 1100 | ३५,७०० | | | | | | | |

कम्पनी : **MUNCH RESTAURANT FOR MEALS**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260815 | चलानी नं. ६०१७७८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SHIELD AL-MAJID FOR FUEL STATION**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260709 | चलानी नं. ६०१७७८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BANA EST FOR LOGISTIC SERVICES**

पूर्व स्वीकृति मिति : २०७८/१२/१७ | LT. No.260011 | चलानी नं. ६०१७७०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Drivers | 2 | 0 | 1800 | ५८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/०६१/०६२
Pulchowk, Lalitpur, Nepal. Tel: +977-1-5547946, 01-5545692 Fax : +977-1-5547945, E-mail : isonepal@wlink.com.np, ishanoverseasmani@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MUKTAFIN PROTECTIVE SERVICE (M) SDN. BHD**

पूर्व स्वीकृति मिति:२०७६/०७/२९ | चलानी नं.६०१४६३४३ | LT. No.211250

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 32 | 0 | 1100 | ३१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

**Saugat Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal
Tel: +977-01-4489384, 4589384 Mob.9851086131
E-mail : saugatemployment1221@gmail.com



## साउदीमा रोजगारको अवसर

कम्पनी : **NOUR STEEL INDUSTRY**

पूर्व स्वीकृति मिति २०७८/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२० | LT No.249310 | चलानी नं.६०१७३११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Worker | 4 | 0 | 1000 | ३२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : चैत्र २८ गते (11th Apr. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MAHAY GENTS TAILORING**

पूर्व स्वीकृति मिति २०७८/१२/२० | LT. No. 260831 | चलानी नं. ६०१७७१३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Men's Clothing Tailor | 1 | 0 | 1400 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २८ गते ( 11th Apr. 2022 )मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार,फोन नं.: ४४३९२०१ । **ReachmondBooksShop (रोहित दाहाल)**-फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise-Dhalku Bhishal Nagar, 4438217** । **दन्तकाली स्टेसनरी** -नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेसनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. -** पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७ । B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी -** पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९९३०० | प्रति तोला – ९८८०० | प्रति तोला – १३६० |



**गहुँबाली** : बैतडीको पाटनमा पाकेको गहुँबाली । पाटन गहुँबाली उत्पादनको पकेट क्षेत्र पनि हो । *तस्बिरः विनोदसिंह विष्ट/रासस*

# भारतको लगानी अभिवृद्धि र व्यापार सहजीकरण गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा भारतीय लगानी बढाउन र भारततर्फको निर्यात सहजीकरणका लागि सरकार र निजी क्षेत्र दुवैले भारतलाई आग्रह गरेका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा भारतको नयाँ दिल्लीमा प्रधानमन्त्री देउवाले नेपालमा लगानीको वातावरण सहज बनाउन आफू सधैं तयार रहेको बताएका हुन् । कुनै पनि मुलुक सरकार र निजी क्षेत्रको सहकार्य सहकार्यविना समृद्ध नहुने बताउदै उनले त्यसका लागि वातावरण बनाउने बताए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भ्रमणका क्रममा भएको सम्झौताले विद्युत् आदानप्रदान र रेल सेवा संचालनमा सहयोग पुग्ने बताए ।

कन्फेडेरेसन अफ इन्डियन इडस्ट्रिज (सिआइआई) ले आयोजना गरेको उक्त कार्यक्रममा प्रधानमन्त्री देउवाले सरकारले सबै आवश्यक नीतिगत सहजता प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सिआइआई भारतमा महासंघको साझेदार संस्था हो । महासंघ अध्यक्ष शेखर गोल्छाले जलविद्युत्, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधि लगायतका सेवा क्षेत्रमा प्रशस्त सम्भावना रहेको बताए । 'पछिल्ला बर्षहरूमा भारतीय लगानी घटिरहेको छ,' उनले भने, 'यसलाई बढाउन निजी क्षेत्रको के कस्तो सहयोग चाहिन्छ हामी गर्न तयार छौं । सहजीकरणका लागि महासंघमा विदेशी लगानी सहायता कक्षसमेत स्थापना भएको छ ।'

उनले पर्यटन क्षेत्रमा सम्भावना बढ्दै गएको पनि बताए । उनले भने, 'पहिले घुम्न आउनोस्, त्यसपछि लगानी गर्नुहोस्, अनि आम्दानी पनि गर्नुहोस् ।' अबको दुई वर्षमा अहिलेको पर्यटन पूर्वाधारले नपुग्ने र सरकारी




नीतिका कारण यस क्षेत्रमा लगानी सहज भएको पनि बताए । नेपालमा लगानी गरेका बहुराष्ट्रिय कम्पनीहरूले राम्रो मुनाफा आर्जन गरिरहेको पनि उनले जानकारी गराए । नेपाल भारतका लागि नवौं ठूलो निर्यात गन्तव्य भएको सन्दर्भ प्रस्तुत गर्दै अध्यक्ष गोल्छाले नेपालले पनि भारतमा निर्यात बढाउन खोजिरहेको बताए । 'नेपालको भारततर्फ र तेस्रो मुलुकको निर्यातमा भारतले सहजीकरण गरिदिनुपर्छ,' उनले भने ।

उनले नाकामा पूर्वाधार सुधार र गैरभन्सार अवरोध हटाउनुपर्नेमा जोड दिए । कृषिजन्य उत्पादनको निर्यातका लागि समान गुणस्तरको ल्याब स्थापना गरी एक अर्काको देशमा मान्यता दिनुपर्ने बताए । सिआइआईका अध्यक्ष टिभी नरेन्द्रनले नेपाल भारतीय लगानीकर्ताका लागि आकर्षक गन्तव्य भएको र नेपालमा लगानी बढाउन सहजीकरण गर्ने बताए । सिआइआईको ऊर्जा संयन्त्र नेपालमा लगानी बढाउन सहकार्य गर्ने पनि उनले बताए ।

कृषिजन्य वस्तुको निर्यातमा गुणस्तरीय कायम गर्न पनि भारतले सहयोग गर्न सक्ने उनले बताए । महासंघका निवर्तमान अध्यक्ष भवानी राणाले नेपाल भारतबीचको संयुक्त व्यावसायिक फोरमको बारेमा जानकारी गराइन् । दुई देशका उद्यमी व्यवसायीको फोरमको नेतृत्व निवर्तमान अध्यक्ष राणाले गरेकी छिन् । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले लगानीका लागि भइरहेको प्रयासबारे जानकारी गराए ।

छलफलमा ३० वटा भारतीय बहुराष्ट्रिय कम्पनीको सहभागिता थियो । १५ कम्पनीका प्रमुख कार्यकारी अधिकृतले नेपालमा लगानीको सम्भावनाबारे चासो र अनुभव आदानप्रदान गरेका थिए । यसअघि, महासंघ र सिआइआईका पदाधिकारीहरूबीच द्विपक्षीय छलफल भएको थियो । जसमा दुई संस्थाबीचको सहकार्य विस्तार, संयुक्त परियोजनाको कार्यान्वयन, नेपाल-भारत लगानी एवं व्यापार सहजीकरणका विषयमा छलफल भएको थियो ।

छलफलमा प्रतिनिधिमण्डलको नेतृत्व महासंघका अध्यक्ष गोल्छा र सिआइआई प्रतिनिधिमण्डलको नेतृत्व अध्यक्ष नरेन्द्रमले गरेका थिए । सिआइआई अध्यक्ष नरेन्द्रमले नेपालमा लगानी सम्मेलन आयोजना गर्न र भारतका विभिन्न सहरहरूमा 'रोड शो' आयोजना गर्न सहकार्य गर्ने बताए । सिआइआईका महानिर्देशक चन्द्रजित वनर्जीले महासंघ सचिवालयको क्षमता विकासमा पनि सहकार्य गर्न सकिने बताए ।

# नेप्से परिसूचकमा लगातार गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झण्डै ३१ अङ्कले ओरालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिनमा नेप्से ३०.८९ अङ्कले ओरालो लागेर दुई हजार ५१३.४१ बिन्दुमा सिमित भएको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६.४४ अङ्कले ओरालो लागेर ४६९.०३ मा सिमित भएको छ । नेप्से ओरालो लागेसँगै कारोबार रकम समेत खुम्चिएको छ । कूल २२५ कम्पनीको ३२ लाख ५३ हजार ८१६ कित्ता शेयर रु एक अर्ब ४६ करोड सात लाख ७३ हजार ७२९ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये आइतबार सामूहिक लगानी कोषको शेयर मूल्यमा कुनै घटबढ नभए पनि १२ उपसमूहको शेयर भने ओरालो लाग्यो ।

बैंकिङ ८.३८, व्यापार २८.९३, होटल तथा पर्यटन २३.८६, विकास बैंक ५५.८६, जलविद्युत् ३९.०४, वित्त ३०.६२, निजीवन बीमा १७४.६१, उत्पादन ४९.७९, अन्य ६४.१५, लघुवित्त ६८.१९, जीवन बीमा २१६.९९ र लगानी १.२३ अङ्कले ओरालो लागेका छन् । नेप्सेका अनुसार आइतबारको कारोबारपछि बजार पूँजीकरण रु ३५ खर्ब ६८ अर्ब ४१ करोड १७ लाख ८५ हजार ८९२ बराबर रहेको छ ।

कारोबारका आधारमा सूर्य लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रह्यो । सो कम्पनीको रु नौ करोड ७२ लाख ५१ हजार २६९ बराबर भयो । सिद्धार्थ इन्स्योरेन्स रु पाँच करोड एक लाख २९ हजार १७५, नबिल बैंक रु चार करोड २४ लाख १३ हजार ४३८, नेपाल लाइफ इन्स्योरेन्स रु चार करोड ११ लाख २२ हजार ९५३ र लाइफ इन्स्योरेन्स कर्पोरेशन रु तीन करोड ८७ लाख ७७ हजार १३८ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

नेप्सेका अनुसार कारोबार भएकामध्ये आइतबार तीन कम्पनीको शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । ती कम्पनीमा राष्ट्र उत्थान लघुवित्त, इमर्जिङ नेपाल लिमिटेड र नेष्डो समृद्धि लघुवित्त छन् । यस्तै, जाल सामुदायिक लघुवित्त ४.०१ र एनआइबिएल समृद्धि फण्ड दोस्रोका लगानीकर्ताले २.४९ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, युनाइटेड इदी मदी हाइड्रोपावर ५.०२, सूर्य लाइफ इन्स्योरेन्स ५.०१, सामलिङ पावर कम्पनी ४.३५, हिमालयन ऊर्जा विकास कम्पनी ४.२३ र नेपाल दूरसञ्चार कम्पनीको शेयरधनीले ४.१९ प्रतिशतले गुमाए ।

# रुग्ण आयोजनाका ठेक्काको म्याद थपिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले निर्माण अवधि सकिएका २ हजार आयोजनाहरूको एकैपटक म्याद थप गर्ने तयारी गरेको छ । सार्वजनिक खरिद नियमावलीको ११औं संशोधनले वर्षौंदेखि रुग्ण ठेक्काको म्याद थप गर्न बाटो खोलिदिएसंगै सरकारले त्यस्ता रुग्ण आयोजनाको म्याद थप गर्ने तयारी गरेको जनाएको छ । विभिन्न विकासे अड्डाहरूमा निर्माण व्यवसायीले धमाधम आयोजनाहरूको म्याद थप गर्न फाइल पेश गरिरहेका छन् । म्याद थप गर्न १० दिन मात्रै बाँकी रहेकाले अधिकांश रुग्ण आयोजनाका फाइल विकासे अड्डामा चाप बढेको छ ।

ठेक्काको म्याद थप माग्दा धेरै आयोजनाले ठेक्काको भेरियसन समेत माग्ने गरेका छन् । यसले गर्दा निर्माण अवधि लम्बिने र लागत पनि थपिने अवस्था हुन्छ । कुल ठेक्का अवधिको ५० प्रतिशत मात्रै म्याद थप गर्न सकिने र त्यसभन्दा बढी म्याद थप गर्नुपरे सम्बन्धित मन्त्रालयका सचिवबाट निर्णय गराउनुपर्ने व्यवस्था थियो । यसले गर्दा झन्झट भएको भन्दै नियम सच्याउन व्यवसायीले पहल गरेका थिए । नियमावलीको २०७८ चैत ३ गते प्रकाशन भएको ११ औं संशोधनले ठेक्काको म्याद थपलाई हदैसम्म लचिलो बनाएपछि सो प्रकृया सरकारले थालेको हो । यसले गर्दा अब विकासे अड्डाको नेतृत्वकर्तालाई रुग्ण रहेका ठेक्का ताड्नेभन्दा म्याद थपकै निर्णय गर्न सहज हुन पुगेको छ ।

ठेक्का तोडेमा निर्माण कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने भएकाले धेरैले ठेक्काको म्याद थप गर्न नै जोडबल लगाउने गरेका छन् । अधिकांश रुग्ण आयोजनाहरू अहिले महाकारीका कारण सरकारले सबै ठेक्काका लागि थप गरेको ६ महिने छुट सुविधा उपयोग गरिरहेका छन् । चैत मसान्तमा यो सुविधा सकिने भएपछि ठेकदार कम्पनीहरू म्याद थपका लागि दौडधुपमा छन् । नेपाल निर्माण व्यवसायी महासंघका अनुसार २ हजार ठेक्काको म्याद थप गर्न'पर्ने अवस्था रहेको र ती ठेक्काहरू म्याद थप भएको एक वर्षभित्र सबै काम सकिने दाबी समेत गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको एक अध्ययनअनुसार संघीय सरकार अन्तरगतका विभिन्न विकासे मन्त्रालय अन्तर्गत २०७६ फागुन १ गतेको सम्झौता अवधि सकिसकेको तर निर्माण सम्पन्न नभएका रुग्ण आयोजनाको संख्या १ हजार १ सय ५३ वटा रहेको जनाएको छ ।

८६ अर्ब रूपैयाँ बराबरका आयोजनाहरू रुग्ण रहेका छन् । सडकका मात्रै ७ सयभन्दा बढी ठेक्का रुग्ण रहेका छन् । कोरोनाको महामारी आएका कारण अधिकांश ठेक्काहरू रुग्ण अवस्थामा नै रहिरहेको महासंघका अध्यक्ष रबी सिंहले बताएका छन् । त्यतिबेला म्याद नसकिएका अरु थुप्रै आयोजनाहरूको पनि अहिले म्याद सकिएर रुग्ण बनेकाले त्यस्ता आयोजनाको संख्यामा बृद्धि हुने बताएका छन् ।

ग्रामीण तथा दुर्गम क्षेत्रमा बर्थिङ सेन्टर बनाउनेदखि खानेपानी, सडक, पुल निर्माण राजमार्ग स्तरोन्नति, विद्युत् ट्रान्समिसन लाइन निर्माणलगायतका ठेक्काहरू रुग्ण अवस्थामा छन् ।

सयौं ठेक्काको म्याद थप हुनै लाग्दा सरकारको विकास खर्च दर भने निकै कमजोर अबस्थामा पुगेको छ । चालु आर्थिक वर्ष २०७८/७९ मा ९३ अर्ब १३ करोड मात्रै वकास खर्च भएको छ । ३ खर्ब ७८ अर्ब खर्च गर्ने लक्ष्य राखेको सरकारले जम्मा २४ दशमलव ६३ प्रतिशत मात्रै खर्च भएको छ । राष्ट्रिय गौरवका आयोजनाहरूको अधिकांश ठेक्काको पनि म्याद थप गर्ने तयारी गरिदै छ ।

आयोजना कार्यान्वयनका दौरान देखिने जग्गा प्राप्ति, वन, वातावरण, निर्माण सामग्रीको अभाव, मोडालिटी र ठेक्का व्यवस्थापनका विषयलाई समेत उनी सरकारको व्यवस्थापकीय कमजोरीका रूपमा रहेको छ ।

सरकारले नतिजा आउने गरी अनुगमन नगर्दा पनि राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन फितलो भएको जानकारहरू बताउँछन् । काम नगर्ने ठेकदार कम्पनीलाई थप म्याद दिएर ठेक्काको भेरियसन समेत गराउने प्रवृत्ति घातक बन्दै गएको समेत आरोप लाग्दै आएको छ ।

झाडापखाला तथा बान्ताबाट बच्न

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो र तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ